पुष्करलालद्वारा प्रतिष्ठापित
# नेपाल समाचारपत्र
राष्ट्रिय दैनिक
newsofnepal.com
सोमबार, साउन २८, २०८१ | Monday, August 12, 2024 | नेसं ११४४, गुलाथ्व ८ | वर्ष २९, अंक १८२ | पृष्ठ ८ | मूल्य रू १०/–




## चार दशकपछि माओवादी नेतृत्वमा विकल्पको खोजी

जीवन शर्मा, काठमाडौं

एक महिनाअघि सत्ताच्युत भएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) मा नेतृत्वको विकल्पको बहस प्रारम्भ भएको छ। २०४२ सालदेखि पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेतृत्व गरेको उक्त पार्टीमा करिब चार दशकपछि विकल्पको खोजीका लागि बहस शुरू भएको हो।

माओवादी केन्द्रमा सर्वशक्तिमान मानिएका पूर्वप्रधानमन्त्री प्रचण्डको अगाडि नतमस्तक हुने पदाधिकारीसहितका नेताहरूको स्वभाव यो पटकको स्थायी समिति बैठकमा परिवर्तित देखियो। जारी बैठकमा आइतबार उपमहासचिव जनार्दन शर्माले पार्टीमा नयाँ नेतृत्वबारे लिखित प्रस्ताव अघि सारेर बहसमा ल्याउनुभएको छ। उहाँले पार्टीको नेतृत्व हस्तान्तरण, पुस्तान्तरण र महाधिवेशनमार्फत् प्रत्यक्ष निर्वाचनबाट नयाँ नेतृत्व चयन गर्ने गरी तीन प्रस्ताव गर्नुभएको हो।

अध्यक्ष प्रचण्डसहितका पदाधिकारीहरू संरक्षकको भूमिकामा रहने र तेस्रो पुस्ताको युवालाई नेतृत्व हस्तान्तरण गर्नुपर्ने शर्माको प्रस्ताव रहेको एक पदाधिकारीले बताए। तर, अधिकांश नेताहरूले यसलाई बाहिर ल्याउन चाहेका छैनन्। पार्टी महासचिव देव गुरुङले नेतृत्वको विकल्पमा छलफल भएको विषयमा आफूलाई जानकारी नभएको बताउनुभयो। नेपाल समाचारपत्रको जिज्ञासामा महासचिव गुरुङले भन्नुभयो- 'अहिले नेतृत्वको विकल्पका विषयमा छलफल भएको होइन। स्थायी समिति बैठकमा उपमहासचिव शर्माले ल्याएको प्रस्तावमा नेतृत्व परिवर्तनको विषय आएजस्तो मलाई लाग्दैन, यो के हो मैले पनि बुझ्नुपर्छ। बैठकमा मैले त्यस्तो प्रस्ताव आएको सुनिनँ।'



> अध्यक्ष प्रचण्डले संरक्षकको भूमिकामा रही वैचारिक प्राधिकार र सत्ताको नेतृत्व गर्नुपर्ने नेता शर्माले प्रस्ताव अघि सार्नुभएको छ। यद्यपि, यो विषयलाई पार्टीका नेताहरूले बाहिर ल्याउने हिम्मत गर्न सकेका छैनन्। नेतृत्वकै वरिपरि रहेर एकल निर्णयलाई स्वीकार गर्दै आएको पदाधिकारीहरूले नेतृत्वकै विकल्पका विषयमा कुरा उठाउँदा पार्टीभित्र सिद्धिन सक्ने त्रास उनीहरूको छ।

अध्यक्ष प्रचण्डले संरक्षकको भूमिकामा रही वैचारिक प्राधिकार र सत्ताको नेतृत्व गर्नुपर्ने नेता शर्माले प्रस्ताव अघि सार्नुभएको छ। यद्यपि, यो विषयलाई पार्टीका नेताहरूले बाहिर ल्याउने हिम्मत गर्न सकेका छैनन्। नेतृत्वकै वरिपरि रहेर एकल निर्णयलाई स्वीकार गर्दै आएको पदाधिकारीहरूले नेतृत्वकै विकल्पका विषयमा कुरा उठाउँदा पार्टीभित्र सिद्धिन सक्ने त्रास उनीहरूको छ। यसअघि प्रचण्डको विकल्पमा बहस उठाएका पूर्वप्रधानमन्त्री एवं माओवादीका तत्कालीन उपाध्यक्ष बाबुराम भट्टराई पार्टीबाट विस्थापित हुनुपरेको थियो। उहाँले नेतृत्वमा विकल्प खोज्दै आफैं अघि सर्ने संकेत गरेपछि पार्टीभित्र पेलानमा परेपछि अन्ततः आफ्नै योजनाका बनाएको पार्टी छाड्न बाध्य हुनुपरेको नेताहरूले बताएका छन्। कम्युनिस्ट पार्टीभित्र फरक मत राख्नेहरू सोही दलमा सहज रूपमा रहन सक्ने अवस्था नरहेको एक वाम विश्लेषकले बताए। उनले भने- 'सामान्य फरक मत राख्नेहरूलाई त माओवादीमा टिक्न गाह्रो हुन्छ। अझ नेतृत्वकै विकल्प खोज्नेहरूलाई कम्युनिस्ट पार्टीमा सहज हुने कुरै भएन। कम्युनिस्ट पार्टीको विधानमा यो व्यवस्था नभए पनि अनुशासनका नाममा व्यवहारतः यो अवस्था छ।'

नेता जनार्दनले साउन २५ गतेदेखि शुरू स्थायी कमिटी बैठकमा 'पार्टी निर्माणका समस्या, समाधानका उपाय र आगामी कार्यभार' शीर्षकमा १४ पृष्ठ लामो प्रस्ताव पेस गर्नुभएको थियो। प्रस्तावमा उहाँले उल्लेख गर्नुभएको छ- 'अध्यक्ष प्रचण्डको हालसम्मको योगदानलाई स्थापित गर्न बाँकी समय उहाँको भूमिकालाई सुनिश्चित गर्न वैचारिक काम र सत्ताको नेतृत्व गर्ने जिम्मेवारीसहित सांगठनिक क्षेत्रको भूमिका उहाँले चाहेको व्यक्तिलाई हस्तान्तरण गर्नुपर्नेछ।'

(क्रमशः पृष्ठ ५ मा)

भेटघाटमा व्यस्त विदेश सचिव मिश्री

## प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तो

नेपाल समाचारपत्र, काठमाडौं



नेपालको दुईदिने भ्रमणमा रहनुभएका भारतीय विदेश सचिव विक्रम मिश्रीले आइतबार राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै भेट गर्नुभएको छ।

भारतीय विदेश सचिव भएपछि पहिलोपल्ट नेपाल भ्रमणमा आउनुभएका मिश्रीले राष्ट्रपति पौडेलसँगको शिष्टाचार भेटमा द्विपक्षीय हित र विविध विषयमा कुराकानी भएको थियो। भेटका अवसरमा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि नेपाल-भारत मिलेर काम गर्नुपर्ने बताउनुभयो। 'हिमाल र पानीको सुरक्षामा नै मानवजातिको सुरक्षा निर्भर रहेको हुनाले जलवायु परिवर्तनको असर न्यूनीकरणमा दुवै देश मिलेर काम गर्न जरुरी छ' -राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो।

राष्ट्रपति पौडेलले नेपाल भारतबीच अनादिकालदेखि जनस्तरसम्मको सम्बन्ध रहेको र नेपालको विकासमा भारतको ठूलो सहयोग रहेको उल्लेख गर्दै सचिव मिश्रीको कार्यकालमा दुवै देशबीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा भारतीय विदेश सचिव मिश्रीले जलवायु परिवर्तनको असर न्यूनीकरणको विषय दुवै देशका लागि चुनौती रहेकाले यसमा मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपाल सरकारका कैयौं योजनामध्ये ऊर्जा, कृषि, पर्यटनजस्ता नेपालको प्राथमिकतामा भारत पनि काम गर्न इच्छुक रहेको बताउनुभयो। उहाँले काम अगाडि बढिरहेका आयोजना चाँडै सम्पन्न गरेर बाँकी नयाँ प्राथमिकतामा काम गर्न भारत इच्छुक रहेको पनि जानकारी दिनुभयो।

नेपाल भारबीचको सम्बन्ध जति सुमधुर हुन्छ त्यति नै दुवै देशका जनताको हित हुने उल्लेख गर्दै विदेश सचिव मिश्रीले भारतले स्थिर, शान्त र समृद्ध नेपाल हेर्न चाहेको पनि प्रस्ट पार्नुभएको प्रेस सल्लाहकार पोखरेलले बताउनुभयो।

त्यस्तै, प्रधानमन्त्री ओलीसँगको भेटमा सचिव मिश्रीले नेपाल र भारतबीचको सदियौंदेखि रहँदै आएको सम्बन्धलाई अझै मजबुत बनाउन आफू लागिपर्ने बताउँदै प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्तोसमेत दिनुभएको थियो। भेटका अवसरमा प्रधानमन्त्री ओलीले नेपालको विकासमा भारतले पुऱ्याउँदै आएको सहयोगप्रति आभार प्रकट गर्नुभएको थियो।

आइतबार बिहान काठमाडौं आइपुग्नुभएका उपप्रधानमन्त्रीद्वय प्रकाशमान सिंह र विष्णु पौडेल, गृहमन्त्री रमेश लेखकसँग छुट्टाछुट्टै भेट गर्नुभएको थियो। भारतीय विदेश सचिव मिश्रीको सम्मानमा परराष्ट्र सचिव सेवा लम्सालले आइतबार साँझ रात्रिभोजको आयोजना गर्नुभएको थियो।

विदेश सचिव मिश्रीले आज सोमबार परराष्ट्रमन्त्री डा. आरजु देउवासँग भेट गर्नुहुने भएको छ। त्यसपछि उहाँले परराष्ट्र सचिव लम्सालसँग द्विपक्षीय हितका विषयमा छलफल गर्नुहुने भएको छ।

## राष्ट्रिय परिचयपत्र पाउन १ करोड ५५ लाखले भरे विवरण

काठमाडौं, (नेस)

सरकारले राष्ट्रिय परिचयपत्रलाई देशव्यापी बनाउँदै परिचयपत्र प्रदान गर्ने उद्देश्यका साथ थालिएको अभियानका क्रममा हालसम्म १ करोड ५५ लाख १२ हजार २ सय ९५ जना नागरिकको विवरण संकलन गरिएको जनाएको छ।

विभागले परिचयपत्रका लागि विवरण संकलन गरिएकाहरूलाई क्रमशः सो परिचय पत्र प्रदान गर्दै जाने जनाएको छ। विभागका महानिर्देशक युवराज कट्टेलले आमनागरिकलाई दिइने सबै प्रकारका सेवालाई राष्ट्रिय परिचयपत्रमार्फत् एकीकरण गर्ने गरी थालिएको अभियान प्रभावकारी भइरहेको बताउनुभयो। उहाँले हालसम्म ९ लाख ७५ हजार परिचयपत्र वितरण गरिसकिएको जानकारी दिनुभयो। विभागले हाल परिचयपत्र छपाइको कामलाई समेत धमाधम अगाडि बढाइरहेको छ।

सरकारले नागरिकहरूलाई विभिन्न महत्वपूर्ण सेवा लिनुपूर्व राष्ट्रिय परिचयपत्र अनिवार्य लिनुपर्ने र परिचयपत्रमा नै सबै विवरण समाविष्ट गरिने हुँदा सबै सेवाहरू सहज हुने उद्देश्यले परिचय पत्रलाई देशव्यापी बनाउँदै लगेको छ।

हाल विभागले देशभरका ७७ वटै जिल्ला प्रशासन कार्यालय र ५४ वटा इलाका प्रशासन कार्यालयमार्फत् धमाधम विवरण संकलन कार्य जारी राख्दै आएको जनाएको छ। हरेक नागरिकले सक्कली नागरिकता लिएर देशका जुनसुकै प्रशासन कार्यालयमा गएर परिचयपत्रका लागि विवरण भर्न सकिने विभागले जनाएको छ। विभागले परिचयपत्र वितरणका लागि देशरभका प्रशासन तथा इलाका कार्यालयमा ४१ लाख ९३ हजार ९ सय ४५ वटा कार्ड छपाइ गरेर पठाइसकेको छ । विभागले प्रतिदिन १८ हजार थान परिचय पत्र छापिइरहेको स्पष्ट पारेको छ।

**हालसम्म विवरण संकलन**
१,५५,१२,२९५

**कार्ड वितरण**
९,७५,००७

**दैनिक विवरण संकलन**
१५,०००

**कुल कार्ड छपाइ**
४६,९२,४०१

**वितरणका लागि पठाइएका कार्ड**
४१,९३,९४५

**प्रतिदिन कार्डको छपाइ**
१८,०००

महानगरको राजस्व उठाउने तरिका

## दुई दर्जन नयाँ शीर्षक बढाएर जरिवाना शुल्क कायम

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले दुई दर्जन नयाँ शीर्षक बढाएर जरिवाना शुल्क कायम गरेको छ। कामपाले अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न स्थानीय कानुन जारी गरी नयाँ शीर्षक र जरिवाना कायम गरेको हो। कामपा आर्थिक ऐन २०८१ मा नयाँ विषयमा राजस्व संकलन गर्न जरिवाना बढाएको हो।

महानगरले फोहोर जलाउनेदेखि रूख काटेमा वा उखेलेमा समेत जरिवाना तोकेको छ। रूख काटेमा वा उखेलेमा १ लाख रुपियाँ जरिवाना तोकेको छ। यसअघि बिरुवाको हाँगा भाँचेमा १ हजार, मुन्टा टिप्ने वा पात चुँडालेमा ५ सय, उखेलेर फालेमा ५ देखि ५० हजार रुपियाँ जरिवाना कायम गरेको थियो। यो वर्षबाट रूख काटेमा १ लाख रुपियाँ कायम गरेको हो।

कामपाले प्लास्टिकजन्य वा अन्य फोहोर जलाएमा प्रतिपटक १० हजार रुपियाँ जरिवाना तोकेको छ। उक्त जरिवाना चालू आर्थिक वर्षबाट लागू गरिसकेको छ। कामपा कार्यपालिकाको बैठकले नयाँ राजस्व शीर्षक र जरिवाना तोकेको हो।

तोकेको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्कासन गरेमा दुई वा सोभन्दा बढी पटकका लागि १ लाख, रोडा, ढुंगा, गिटी र बालुवालगायत नदीजन्य फोहोर चोरीनिकासी गरे वा गराएमा १ लाख रुपियाँ, सवारीसाधन वा व्यक्तिले बाटोमा माटो, बालुवा तथा हिलो खसाली फोहोर गरे वा गराएमा ५ देखि ५० हजार, अनुमतिविना सडकपेटी अतिक्रमण गरी निर्माण सामग्री राखेमा प्रतिपटक १५ देखि ५० हजार रुपियाँसम्ममा जरिवाना लिने भएको छ।

कामपाका प्रवक्ता नवीन मानन्धरले राजधानी सहरलाई स्वस्थ सहरको रूपमा परिणत गर्न नयाँ शीर्षक कायम गरी जरिवाना तोकेको जानकारी गराउनुभयो। कामपाले अनुमतिविना सडकपेटी अतिक्रमण गरी व्यापार व्यवसाय र सवारीसाधनमा व्यापार गरेमा प्रतिपटक १५ देखि ५० हजारसम्म जरिवाना तोकेको छ।

सार्वजनिक सम्पत्तिको क्षति पुऱ्याएमा ५० हजारदेखि ५ लाख, जल, नदीनाला, पाटीपौवा धार्मिक स्थलमा प्रदूषण गरेमा ५ देखि १५ हजार जरिवाना तोकेको छ। ऐनमा अस्वस्थ भान्छा प्रयोग गर्नेको हकमा छुट्टै व्यवस्था गरेको छ। जसअनुसार होटेल, रेस्टुरेन्ट वा होमस्टेलगायत यस्तै प्रकृतिका व्यवसायमा तोकिएको मापदण्ड पूरा नभएमा र डेरीलगायतका फोजन खाद्यवस्तुहरू व्यवसायीयले तोकेको मापदण्ड पूरा नगरेमा २५ हजारदेखि ५ लाख रुपियाँ जरिवाना तोकेको छ।

(क्रमशः पृष्ठ ५ मा)

### कुन शीर्षकमा कति जरिवाना

- **रूख काटेमा वा उखेलेमा १ लाख**
- **सडकपेटीमा व्यापार गरेमा प्रतिपटक १५ देखि ५० हजार**
- **प्लास्टिकजन्य वा अन्य फोहोर जलाएमा प्रतिपटक १० हजार**
- **सार्वजनिक सम्पत्तिको क्षति पुऱ्याएमा ५० हजारदेखि ५ लाख**
- **जथाभावी निर्माण गरे, फुटपाथ र सडक खने ५० हजारदेखि ५ लाखसम्म जरिवाना**

## युवाहरू किन प्रशासनमा जान चाहँदैनन् ?

सुनील महर्जन, काठमाडौं

खानेपानीको बिलदेखि लाइसेन्स नवीकरण गर्नदेखि हरेक कामकुरोका लागि नागरिकहरू विभिन्न सरकारी कार्यालयमा जाने गर्दछन्। तर, अक्सर किशोरकिशोरी र युवावर्ग सरकारी कार्यालयमा जान भनेपछि झन्झट मान्छन्। भरसक सरकारी कार्यालयमा जान नपरे हुन्छ भन्ने उनीहरू चाहन्छन्। जानुपरे पनि आफूभन्दा ठूला, नजिकका नातेदारहरू लिएर सरकारी कार्यालयमा गएर काम फत्ते गर्छन्। स्थानीय तह, प्रहरी, प्रशासनमा सेवाप्रवाह चुस्तदुरुस्त गर्न, सेवामा नागरिक पहुँच बढाउन सार्वजनिक सुनुवाइ, नागरिक सुनुवाइ, सामाजिक परीक्षण र विभिन्नखाले अन्तरक्रियाहरू आयोजना गर्छन्। तथापि, सेवा लिन कुनै आफन्त, नातेदारको सहयोगबिना सरकारी कार्यालय जाने युवावर्ग वृद्धि हुन सकेको छैन। आखिर किन किशोरकिशोरी र युवावर्गहरू सरकारी कार्यालयमा जान चाहँदैनन् ?

'वडा कार्यालय, नगरपालिका तथा प्रशासनमा चिनेको मान्छे छ भने चाँडै काम हुन्छ। नभए कर्मचारीबाट सहज रूपमा काम गराउन गाह्रो छ' - ललितपुर महानगरपालिका-८ बस्ने सतिस शाक्यले भन्नुभयो। एउटा संस्थामा आबद्ध भएर प्रशासनको कामलाई नजिकबाट नियाल्दै आएको आधारमा सरकारी कार्यालयमा चिनजानबिना काम हुँदैन भन्ने धारणा बनेको उहाँले बताउनुभयो। उहाँले एउटै कामका लागि वडा र नगरपालिकामा दश पटकसम्म धाएको सन्दर्भ पनि सुनाउनुभयो। उहाँको अनुभवमा काम लिएर सरकारी कार्यालयमा जाँदा कहिलेकाहीँ तोकिएको कामका लागि तोकिएको कागजात नभएको हुने, कहिले कर्मचारी भेट नहुने, आलटाल गर्ने र सर्वसाधारणको कुरै नसुन्ने खालका छन्।

त्यसै गरी ललितपुर-२० बस्ने विपुलरत्न शाक्यले काम लिएर जाने क्रममा कर्मचारीले सहजीकरण नगर्ने, प्रक्रियागत ज्ञानको कमीले पनि पनि कार्यालयमा जान अनिच्छुक रहेको बताउनुभयो। कर्मचारीले कुरा गर्ने शैली, भाषा पनि युवामैत्री नहुने, युवाहरूले उनीहरूले सुन्ने भाषामा कुरा गर्न नसक्ने जस्ता कारणले पनि काम गर्न गाऱ्हो भएको उहाँको ठम्याइ रहेको छ।

(क्रमशः पृष्ठ ५ मा)

नेपाल समाचारपत्र

# लोकसेवा परीक्षाको तयारी सामग्री



ताराप्रसाद ओली
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत)
महान्यायाधिवक्ताको कार्यालय

## वस्तुगत प्रश्नोत्तर

**१. बंगलादेशको अन्तरिम सरकारको प्रमुख को हुन् ?**
- मुहम्मद युनुस

**२. अमेरिकाले कहिले पहिलोपटक जापानमा परमाणु बम आक्रमण गरेको थियो ?**
- सन् १९४५ अगस्ट ६

**३. राणा शासनविरुद्ध सम्झौताहीन संघर्ष गर्ने चार शहीदमध्ये सबैभन्दा पहिला मारिने को थिए ?**
- शुक्रराज शास्त्री

**५. अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले कुन प्रकरणमा राजीनामा थिए ?**
- वाटरगेट काण्ड

**५. अशान्त धड्कन कृतिका लेखक को हुन् ?**
- कल्पना काफ्ले

**६. आईसीसी डिजिटल फ्यान इङ्गेजमेन्ट इनिसिएटिभ अफ द इयर अवार्ड प्राप्त गर्ने राष्ट्र कुन हो ?**
- नेपाल

**७. व्यथित काव्य सम्मान-२०८१ द्वारा सम्मानीत हुने स्रष्टा को हुन् ?**
- मणि लोहनी

**८. गुरही पर्व कुन समुदायसँग सम्बन्धित छ ?**
- थारु

**९. गाईखुरे झरना कुन जिल्लामा पर्दछ ?**
- लमजुङ

## विषयगत प्रश्नोत्तर

**१. कर्मचारीतन्त्रका दुर्बल पक्ष केलाउँदै कर्मचारीतन्त्रमा गर्नुपर्ने सुधारका विषयहरु उल्लेख गर्नुहोस्।**

पृष्ठभूमि
- कर्मचारीतन्त्रमा पदसोपान, अवैयक्तितता, गुणतन्त्रमा आधारित, कानुनको पालना, अभिलेख व्यवस्था, तटस्थता, निष्पक्षता, व्यावसायिकता, सक्षमता, स्थायी सेवा, आचारसंहिता, नैतिकता तथा वृत्ति प्रणाली जस्ता गुणहरुको विद्यमानता रहेको हुन्छ।

कर्मचारीतन्त्रका दुर्बल पक्ष
- नकारात्मक प्रवृत्ति
- अधिकार प्रत्यायोजन गर्न इच्छुक नहुने
- काम पन्छाउने प्रवृत्ति
- केन्द्रीकरण
- परिवर्तन विरोधी संस्कृति
- परम्परावादी प्रवृत्ति
- समन्वय गर्न नचाहने
- ढिलासुस्ती विभागीकरण
- साम्राज्यवादको निर्माण
- निराशावादी चिन्तन
- आकारमा वृद्धि
- असहयोगी
- अवैयक्तिकता
- शक्तिकेन्द्रको प्रयोग
- भोलवादी संस्कृति
- काममा एकाधिकारवाद
- नातावाद र कृपावाद
- प्रक्रियामुखी
- अनुमान गर्न नसकिने व्यवहारको प्रदर्शन
- पारदर्शीताको अभाव
- उत्तरदायित्वको अभाव
- समस्याको समाधान गर्न नचाहने प्रवृत्ति
- निर्दयी र कठोर

कर्मचारीतन्त्रमा गरिनुपर्ने सुधारहरु
- निर्णय प्रक्रियामा विद्यमान तहहरु घटाउने
- टिप्पणी उठाई निर्णय गर्ने प्रक्रियालाई सीमित गर्ने
- प्रत्येक कर्मचारीको काम, कर्तव्य, भूमिका तथा जिम्मेवारी स्पष्ट पार्ने
- अधिकार प्रत्यायोजन गर्ने
- अधिकार निक्षेपण गर्ने
- निर्णय प्रक्रियालाई स्तरयुक्त बनाउने
- एउटै कामका लागि प्रत्येक शाखामा धाउनुपर्ने परिपाटीको अन्त्य गरी सम्पर्क व्यक्तिबाटै टुंग्याउने प्रणालीको विकास गर्ने
- सेवा प्रदायक निकायको कार्यविधि, कार्यस्थल र कार्य समयमा सुधार गर्ने
- निर्णयाधिकार भएको पदाधिकारीहरुलाई मात्र बैठक वा छलफलमा सहभागी हुन पठाउने
- अन्तरनिकायका बैठकहरु सेवा प्रवाहमा प्रतिकूल असर नपर्ने गरी आयोजना गर्ने
- जुनसुकै पत्रलाई अति गोप्य तथा गोप्य लेख्ने परिपाटीमा सुधार गर्ने
- कुनै कर्मचारीले कार्यालय समय अघि वा पछि पनि कार्यसम्पादन गर्न चाहेमा व्यवस्था मिलाउने
- कामको चापको आधारमा कर्मचारी व्यवस्थापन गर्ने
- विद्युतीय शासनको प्रवर्द्धन गर्ने
- सूचना शाखा तथा सोधपुछको प्रभावकारिता वृद्धि गर्ने
- कार्यालयहरुमा प्रयोगमा ल्याइएका फारामहरु छोटो, सरल र सबैले बुझ्ने गरी विकास गर्ने र सहजीकरणका लागि कर्मचारीको व्यवस्था गर्ने
- विशेष जिम्मेवारी दिनुभन्दा पहिले सच्चरित्रताको पूर्वपरीक्षण गर्ने
- विज्ञ समूहको व्यवस्थापन गर्ने
- जनशक्तिको विकास र व्यवस्थापन गर्ने
- सार्वजनिक प्रशासन सम्बन्धी कानुनहरुको संहिताकरण गर्नुपर्ने
- सामाजिक वा सार्वजनिक परीक्षणको व्यवस्थालाई प्रभावकारी बनाउने
- भौगोलिक क्षेत्रको अनुभवको आधारमा वृत्ति विकासको व्यवस्था गर्ने
- कर्मचारीहरुका लागि गैरमौद्रिक प्रोत्साहनमा जोड दिने
- स्वमूल्याङ्कन पद्धति समेतको विकास गर्नुपर्ने
- सेवा प्रवेश र सेवाकालीन तालिमलाई सेवा प्रवाहको विशिष्टतासँग सामञ्जस्यता कायम गर्ने
- उत्तराधिकारी योजनाको अवलम्बन गर्नुपर्ने
- ३ सय ६० डिग्री मूल्याङ्कन पद्धतिको अवलम्बन गर्ने
- सबै कार्यालयहरुमा पर्याप्त भौतिक सेवा सुविधाको व्यवस्था गर्ने
- भौगोलिक क्षेत्र अनुकूल कर्मचारीहरुको पोशाकको व्यवस्था गर्ने
- कर्मचारीहरुले पाउने विदामा पुनरावलोकन गर्ने
- नेपाल राष्ट्र बैंकले प्रत्येक वर्ष जारी गर्ने उपभोक्ता मूल्य सूचीको वृद्धिको आधारमा कर्मचारीको तलब स्वतः वृद्धि हुने नीतिगत र कानुनी व्यवस्था गर्दा उपयुक्त हुने
- कर्मचारीहरुको तलब सुविधा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउने
- सार्वजनिक निकायहरुमा गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको भूमिका वृद्धि गर्ने
- विकसा निर्माणका कार्यहरुमा सरोकारवाला, विशेषज्ञ, प्राविधिक, प्रशासनिक र राजनीतिक नेतृत्व सम्मिलित समिति बनाउने
- कर्मचारीहरुको व्यक्तिगत र सामाजिक सुरक्षालाई मध्यनजर गर्दै सामूहिक आवासको व्यवस्था गर्ने
- नागरिक बडापत्रलाई अद्यावधिक गर्दै क्षतिपूर्तिसहितको नागरिक बडापत्रको व्यवस्था गर्ने
- ट्रेड युनियनको स्थापना तथा तीनको भूमिकामा सुधार गर्नुपर्ने
- आरक्षणबाट सफल उम्मेदवारहरुलाई सम्बन्धित क्षेत्रमा काम गर्न प्रोत्साहित गर्ने
- सूचनादाताको संरक्षण सम्बन्धी विधेयक पारित गराउने
- सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता मापन गर्न नागरिक रिपोर्ट कार्ड व्यवस्था गर्ने
- तोकिएको जिम्मेवारी पुरा गर्ने र नगर्ने कर्मचारीको अभिलेख वृत्ति विकासको व्यवस्था पर्ने
- स्थानीय भाषाको तालिम प्रदान गर्ने
- सार्वजनिक सेवाको गुणस्तर मापदण्ड निर्धारण गरी लागू गर्ने
- मुस्कानसहितको सेवा मात्र होइन नागरिकको मुहारमा मुस्काउन ल्याउने गरी सेवा प्रवाह गर्ने
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, पत्रकार सम्मेलन, अन्तरक्रिया, सार्वजनिक सवाल जवाफको माध्यमबाट सार्वजनिक पृष्ठपोषण प्राप्त गरी सेवा प्रवाह सुदृढीकरण गर्ने
- एकद्वार नीति, एक झ्याल नीति, लिफो विधि, कस्टुमर डिलाइट जस्ता नवीनतम व्यवस्थापकीय औजारहरुको प्रयोग गर्ने
- चक्रीय समय प्रणाली, टोकन प्रणाली तथा हेल्प डेस्क प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने
- सार्वजनिक निकायले प्रवाह गरिरहेका सेवाहरुलाई आधारभूत र गैरआधारभूत सेवामा विभाजन गरी गैरआधारभूत सेवाहरुलाई बाह्य सेवा प्रदायकहरुलाई जिम्मा दिने
- पर्फर्मेन्स अडिट टिम बनाएर सेवा प्रदायकहरुको कार्यसम्पादनको मूल्याङ्कन गर्ने

निष्कर्ष

कर्मचारीतन्त्रका दुर्बल पक्षहरुको खोजी गर्दै यसको विकल्पको खोजी गर्ने क्रमको शुरुआत भए पनि यसको ठोस विकल्प देखिएको छैन। कर्मचारीतन्त्रलाई चुस्त, दुरुस्त, छरितो, कार्यमूलक, जनमुखी, पारदर्शी एवं नतिजामुखी बनाउँदै लैजाउनुपर्दछ।

**२. विकासमा सूचना तथा सञ्चार प्रविधिको महत्व के रहेको छ ? नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकासमा देखिएका समस्याहरूको चर्चा गर्दै विकासमा सूचना तथा सञ्चार प्रविधिको भूमिका बढाउने उपायहरू प्रस्तुत गर्नुहोस्।**

पृष्ठभूमि
- कम्प्युटर प्रविधि र दूर सञ्चार प्रविधिको सम्मिश्रित स्वरूप नै सूचना तथा सञ्चार प्रविधि हो।
- सूचना तथा सञ्चार प्रविधिअन्तर्गत सूचना सक्रलन, भण्डारण, प्रशोधन, उपयोग तथा संरक्षणका लागि प्रयोग हुने कम्प्युटर प्रविधि र सूचनालाई एक ठाउँबाट अर्को ठाउँसम्म पुर्‍याउनका लागि प्रयोग हुने सञ्चार प्रविधिहरू समावेश हुन्छन्।

विकासमा सूचना तथा सञ्चार प्रविधिको महत्व
- कम लागत र समयमा विकासका गतिविधि सञ्चालन गर्न
- शिक्षा र चेतनाको स्तर वृद्धि गर्न
- सेवा प्रवाहलाई जनमुखी, प्रभावकारी र मितव्ययी बनाउन
- थोरै जनशक्तिमा गुणस्तरीय कार्यसम्पादन गर्न
- सेवा प्रवाहलाई निरन्तर, पहुँचयोग्य र सुलभ तुल्याउन
- व्यवस्थापनमा लाग्ने लागत र समय न्यूनीकरण गरी उत्पादकत्व बढाउन

नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकासमा देखिएका समस्याहरु
- डिजिटल निरक्षरता र ग्याप अझै उच्च रहेको
- प्रयोग बढे पनि उपयोग न्यून हुँदा स्रोतको दुरुपयोग भएको
- कम्प्युटरको सूचनालाई आधिकारिकता नदिने प्रवृत्ति रहेको
- सूचना तथा सञ्चार पूर्वाधारको अपर्याप्तता रहेको
- साइवर तथा विद्युतीय अपराध बढेको
- न्यून लगानी र साझेदारी
- न्यून क्षमताको डाटा केन्द्र
- सूचना तथा समाचारमा दोहोरोपना र आधिकारिकताको समस्या
- अनुगमन नियन्त्रण कार्यमा कठिनाई
- एकीकृत र अद्यावधिक कानुनको अभाव
- बौद्धिक सम्पत्ति चोरीमा वृद्धि हुँदै गएको
- समय नष्ट, सिर्जनशीलताको निधन, अश्लीलता र स्वास्थ्य समस्या
- अन्तर्राष्ट्रिय क्षेत्रसँग प्रतिस्पर्धा गर्न नसकिएको
- सरोकारवाला निकायसँग समन्वय, सहकार्य र साझेदारीको कमी
- नियमित मर्मत सम्भारको अभाव
- वेब पेजहरुमा अद्यावधिकताको अभाव
- अनलाइन समस्या तथा गुनासोको समाधान गर्ने नगरिएको
- न्यून साक्षरता दर तथा विद्युतीय साक्षरता दर
- अपर्याप्त आर्थिक, भौतिक र मानवीय पूर्वाधार
- खरिद तथा प्रयोगमा उच्च लागत
- उच्च गरिबी र बेरोजगारी
- नियमित मर्मत सम्भारको अभाव
- भौगोलिक विकटता र विषमता
- राजनैतिक तथा प्रशासनिक प्रतिवद्धताहरुको कमजोर कार्यान्वयन
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग माथि विश्वासको संकट
- ऐन कानुनहरुको प्रभावकारी कार्यान्वयन र समय सापेक्ष संशोधन वा परिमार्जनको अभाव
- बजेट, योजना लगायतमा राखिएका प्राथमिकता र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन
- अदूरदर्शी नेतृत्व

विकासमा सूचना तथा सञ्चार प्रविधिको भूमिका बढाउने उपायहरु
- एकीकृत तथा अद्यावधिक सूचना तथा प्रविधि नीति बनाई कार्यान्वयन गर्ने, सरोकारवाला पक्षबीच निरन्तर र स्वचालित समन्वय र सहयोग गर्ने
- निजी क्षेत्रको लगानी आकर्षण गर्ने
- हरेक क्षेत्रले अनिवार्य रूपमा कम्प्युटरमा आधारित सूचना प्रणाली लागू गर्ने
- साइबर सुरक्षा प्रणालीको विकास गर्ने
- सञ्चार, यातायात, ऊर्जा लगायतका पूर्वाधारको विकास गर्ने
- प्रयोगभन्दा उपयोग बढाउने
- राष्ट्रिय ब्यान्डविथ र गेटवे क्षमता बढाउने
- सूचना प्रविधिमा पीछडिएका क्षेत्रका जनताको पहुँच स्थापित गर्ने
- सूचना प्रविधिको क्षेत्रमा वैदेशिक र स्वदेशी लगानी आकर्षण गर्न उपयुक्त वातावरण बनाउने, सूचना प्रविधिको महत्व र उपयोगिताबारे जनचेतना फैलाउने
- दक्ष जनशक्ति उत्पादनमा राज्यले लगानी गर्ने
- सञ्चार आचारसंहिता कडाईका साथ लागू गर्ने
- पर्याप्त पूर्वाधार र निरन्तर ऊर्जाको व्यवस्था गर्ने
- डाटा सेन्टर तथा डाटा रिकभरी सेन्टरको व्यवस्था गर्ने
- अनुगमन मूल्यांकनका लागि उच्चस्तरीय र बलियो संयन्त्र बनाउने
- अनधिकृत सूचना सम्प्रेषण, बौद्धिक सम्पत्तिको चोरी लगायतको कडाइका साथ नियन्त्रण गर्ने सूचना प्रविधि शिक्षालाई सुलभ बनाई सबैको पहुँचमा पुर्‍याउने
- विद्युतीय शासनको अवधारणालाई व्यवहारत कार्यान्वयनमा ल्याउने
- सूचनादाता संरक्षण ऐन बनाई लागू गर्ने
- नियमित मर्मत सम्भारको व्यवस्था गर्ने
- व्यवस्थापन सूचना प्रणाली (एमआईएस) को विस्तार गरी प्रभावकारिता बढाउने
- वेबपेजलाई सूचनामूलक, अद्यावधिक र अन्तरक्रियात्मक बनाउने
- विकासमा सूचना तथा सञ्चार प्रविधिको भूमिका बढाउन विश्वव्यापी साझेदारी गर्ने

निष्कर्ष

दूर सञ्चार उपकरण, कम्प्युटर तथा नेटवर्किङ उपकरण, विभिन्न सफ्टवेयर तथा एप्लिकेसन, तथ्यांक भण्डारणसम्बन्धी पूर्वाधार तथा उपकरणहरू, प्रसारण मिडिया तथा सूचना प्रविधि सेवालाई सूचना तथा सञ्चार प्रविधिका अभिन्न अङ्गको रूपमा लिइन्छ।

**३. जवाफदेहितामा अन्तर्निहित रहनुपर्ने तत्वहरू के-के हुन् ? जवाफदेहिताका सिद्धान्त र औचित्यमाथि प्रकाश पार्दै जवाफदेहिता विस्तारका उपायहरू उल्लेख गर्नुहोस्।**

पृष्ठभूमि
- सार्वजनिक दायित्व भएका व्यक्ति वा निकायलाई विश्वास गरी सुम्पिएको स्रोत र शक्ति जिम्मेवारीपूर्वक प्रयोग गरे वा नगरेको स्पष्ट पार्ने दायित्व सार्वजनिक जवाफदेहिता हो।
- जवाफदेहिताले अधिकार र शक्तिको प्रयोग जिम्मेवारीपूर्वक गर्न उत्प्रेरित गर्दछ।
- सार्वजनिक पद धारण गरेको व्यक्तिले वा पदाधिकारीले सार्वजनिक सरोकार वा चासोका विषयमा आफूले गरेको कार्य, कार्यसम्पादनको स्तर, गुणात्मकता एवं सार्वजनिक स्रोतको उपयोगको बारेमा सरोकारवाला वर्गमाझ अख्तियारप्राप्त अधिकारीले उत्तर दिने कार्यलाई सार्वजनिक उत्तरदायित्व भनिन्छ।

जवाफदेहितामा अन्तर्निहित हुनुपर्ने तत्वहरु
- काम गर्ने र गरिने पक्षबीचको स्पष्ट सम्बन्ध
- जिम्मेवारी लिनेको दायित्व
- व्याख्या र औचित्य सिद्ध गर्ने जिम्मेवारी
- अपेक्षित व्यवहार प्रदर्शन
- प्रश्न राख्न सकिने अवस्था
- सम्पादित काम वा व्यवहारको मूल्याङ्कन
- परिणामलाई पात्रले स्वीकार गर्ने अवस्था

जवाफदेहिताका सिद्धान्तहरु
- पूर्वसावधानीको सिद्धान्त
- अधिकार, कर्तव्य र उत्तरदायित्वको मिलापको सिद्धान्त
- आत्मसूचनाको सिद्धान्त
- पूर्वसावधानीको जवाफदेहिताको सिद्धान्त
- इच्छा जाहेरको सिद्धान्त
- कार्यसम्पादन जानकारीको सिद्धान्त
- जिम्मेवार व्यक्ति जवाफदेही हुने सिद्धान्त
- जवाफ पुष्टीकरणको सिद्धान्त
- सहुलियत सुविधा वञ्चित गर्ने सिद्धान्त
- पूर्णताको सिद्धान्त

जवाफदेहिताको औचित्य
- पदाधिकारीहरुको पेशागत नैतिकता प्रवर्द्धन गर्न
- सर्वसाधारणको सन्तुष्टि विस्तार गर्न
- सुशासन कायम गर्न
- उत्पादन र उत्पादकत्व बढाउन
- जनसहभागिता वृद्धि गर्न
- कार्यसम्पादनको स्तर बढाउन
- सार्वजनिक साधनको सुरक्षा गर्न
- लोकतन्त्रलाई कार्यमूलक बनाउन
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन
- निष्पक्ष प्रशासन सञ्चालन गर्न
- राज्य प्रणालीको वैधता स्थापित गर्न

जवाफदेहिता विस्तारका उपायहरु
- स्पष्ट र मापनयोग्य सूचक स्थापना
- सार्वजनिक सेवा बडापत्रको प्रचलन
- व्यवस्थापनको सक्रियता प्रवर्द्धन
- खुला सूचना प्रणाली
- प्रभावकारी सार्वजनिक प्राप्ति प्रणाली
- विकेन्द्रीकरण र कार्यगत निक्षेपण
- निर्णय तथा कार्यविधिगत सरलीकरण
- आचारसंहिताको निर्माण
- सुशासन प्रवर्द्धनका उपायहरु अवलम्बन
- प्रभावकारी वित्तीय परीक्षण
- निष्पक्ष प्रोत्साहन प्रणाली
- व्यवस्थापकीय क्रियाकलापहरुको प्रत्यक्ष प्रसारण
- विधायकी छानबिन प्रणाली
- स्वतन्त्र अम्वुड्स्म्यानको व्यवस्था
- खोज पत्रकारिता
- नागरिक अभियान्ताहरु
- सूचना प्रविधिको प्रयोग
- सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण

निष्कर्ष

हाम्रा सार्वजनिक निकाय र सार्वजनिक पद धारण गरेका व्यक्तिलाई जवाफदेही बनाउन र आफ्नो जिम्मेवारीबाट पन्छिन नदिन नागरिकको निरन्तर खबरदारी अनिवार्य छ। नागरिकले शासक तथा प्रशासकहरुलाई निरन्तर प्रश्न गरी जवाफदेहिता प्रवर्द्धन गर्न जरुरी रहेको छ।

**४. सार्वजनिक खरिदका सिद्धान्तहरू के-के हुन् ? सार्वजनिक खरिदका महत्व र उद्देश्य माथि प्रकाश पार्दै सार्वजनिक खरिदका क्षेत्रमा देखिएका समस्याहरू पहिचान गर्नुहोस्।**

पृष्ठभूमि
- सार्वजनिक निकायले राज्यकोषको प्रयोग गरी कार्यालय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, विकास निर्माण तथा सार्वजनिक हित र प्रयोजनका लागि गर्ने खरिद कार्यलाई नै सार्वजनिक खरिद भनिन्छ।
- मालसामानको आपूर्ति गर्ने, सेवा करारमा लिने, निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य गर्ने वा गराउने, भाडा दर तथा दररेट निर्धारण गर्ने लगायत सार्वजनिक निकायबाट भुक्तानी दिई गरिने जुनसुकै प्रकारको कार्य नै खरिद हो।
- सार्वजनिक खरिद ऐन-२०६३ ले सार्वजनिक निकायले मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्यलाई सार्वजनिक खरिद भनेर परिभाषित गरेको छ।

सार्वजनिक खरिदका सिद्धान्तहरु
- अधिकतम प्रतिफलको सिद्धान्त
- स्वच्छताको सिद्धान्त
- पारदर्शिताको सिद्धान्त
- उत्तरदायित्वको सिद्धान्त
- समान अवसरको सिद्धान्त
- प्रतिस्पर्धाको सिद्धान्त
- औचित्यताको सिद्धान्त
- कानुनको परिचालनाको सिद्धान्त
- गुनासो सुनुवाई एवं पुनरावलोकनको सिद्धान्त
- नैतिकताको सिद्धान्त
- आर्थिक अनुशासनको सिद्धान्त

सार्वजनिक खरिदको महत्व
- सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न
- सार्वजनिक स्रोत साधनको सदुपयोग गर्न
- आर्थिक विकासको लक्ष्य हासिल गर्न
- रोजगारी सिर्जना गर्न
- निज क्षेत्रलाई आर्थिक गतिविधिमा समावेश गराउन
- राष्ट्रिय बजेटको कार्यान्वयन गर्न

सार्वजनिक खरिदको उद्देश्य
- खरिद सम्बन्धी कार्यको योजना बनाउनु
- खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउनु
- खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता इमानदारिता, जवाफदेहिता र विश्वसनीयता कायम गर्नु
- तोकिएको समयसीमा भित्रै खरिद गर्नु
- उपयुक्त लागतमा खरिद गरी मितव्ययिता कायम गर्नु
- निर्धारित गुणस्तर कायम गरी आवश्यक तथा उपयुक्त परिमाणमा मात्र खरिद गर्नु
- खरिद कार्यमा संलग्न कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नु
- खरिद सम्बन्धी कार्यलाई एकीकृत गर्नु
- खरिद सम्बन्धी कार्यमा सहजीकरण गर्नु
- खरिद सम्बन्धी ऐन नियममा समयानुकूल परिवर्तन गर्दै लानु
- सार्वजनिक खरिदका सन्दर्भमा अनुसन्धान गर्नु
- खरिद कार्यको अनुगमन र मूल्याङ्कन गर्नु
- खरिद सम्बन्धी कार्यको सर्वसाधारणमा विश्वासनियता प्रवर्द्धन गर्न

सार्वजनिक खरिदमा देखिएका समस्याहरु
- खरिद प्रक्रियाको पूर्ण पालना नहुनु
- बोलपत्रका कागजातहरु सरल भाषामा तयार नहुनु
- व्यवस्थित रूपमा पूर्वतयारी नहुनु
- दातृपक्ष संलग्न आयोजनामा खरिद कानुनलाई छल्ने अभ्यास रहनु
- लागत अनुमान वैज्ञानिक र अध्ययनमा आधारित नहुनु
- दक्ष जनशक्ति र विशेषज्ञ सेवाको अभाव रहनु
- निर्माण व्यवसायमा व्यवसायिकताको विकास नहुनु
- कर्मचारीको क्षमता विकासका कार्यक्रमहरु न्यून हुनु
- प्रतिस्पर्धालाई सङ्कुचित गराउने प्रयास हुनु खरिद कानुनबारे कमजोर, फरक-फरक वा आफ्नै ढंगले बुझाइ हुनु
- खर्चको मापदण्ड स्पष्ट नहुनु र अत्यधिक खरिद हुनु
- सिलबन्दी दरभाउपत्र वा बोलपत्र छल्ने उद्देश्यले खरिद कार्यलाई टुक्रा पार्ने प्रवृत्ति रहनु
- खरिद प्रक्रियामा मिलेमतो गरी बढी तिरेर सरकारी कोषको हानि नोक्सानी पुर्‍याउनु
- सार्वजनिक खरिद प्रक्रियाबारे खरिद अनुगमन कार्यालयबाट निरन्तर अनुगमन र मूल्यांकन हुन नसक्नु,
- सार्वजनिक खरिद प्रक्रियामा अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्बन हुन नसक्नु
- खरिद कारोबारमा बोलपत्र कागजात र सम्झौता तयार गर्दा नमुना बोलपत्र कागजात प्रयोग नगर्नु
- अनियमितताको अनुगमन गरी दण्डनीय बनाउन नसक्नु
- म्याद थप, भेरिएसन र मूल्यवृद्धि जस्ता विषयमा सार्वजनिक पदाधिकारीबाट कानुन अनुसारको कार्य नभई स्रोतको दुरुपयोग हुनु
- कानुन कार्यान्वयन र परिपालनामा सरकारी पदाधिकारी उदासीन रहनु
- कानुनमा झन्झटिला र जटिल प्रावधान रहनु
- खरिद प्रक्रियामा ओभरसाइड एजेन्सीको सक्रियता बढ्नु

निष्कर्ष


सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाई सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमानदारिता, जवाफदेहिता र विश्वशनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न जरुरी रहेको छ।

# सर्वाधिक कमाइ गर्ने विश्वका १० कन्सर्ट

रश्मी थापा

एल्बम र गीत बिक्रीका अलावा गायक गायिकाको अर्को मुख्य आम्दानीको स्रोत सांगीतिक भ्रमण वा कन्सर्ट हो । संगीतकर्मीले एउटै भ्रमण र कन्सर्टबाट लाखौं आम्दानी गरिरहेका हुन्छन् । संसारभर सांगीतिक टुरबाट सबैभन्दा धेरै आम्दानी गर्ने १० टुर यस प्रकार छन् :

१



### टेलर स्विफ्टको इराज टुर

टेलर स्विफ्टको इराज टुर अहिलेसम्मकै सबैभन्दा धेरै कमाउने कन्सर्ट टुर हो । यो भ्रमण कम्तिमा १.०४ बिलियन डलर कमाउने पहिलो सांगीतिक भ्रमण साबित भएको छ । २०२३ मा संयुक्तराज्य अमेरिकाको ग्लेन्डेल, एरिजोनाबाट शुरू भएको टुर पेरिस, लन्डन, क्यानडा, नेदरल्यान्डजस्ता देशमा भएको थियो । यो भ्यानकुभरमा गएर अन्त्य भएको थियो ।


२



### फेयरवेल एल्लो ब्रिक रोड

फेयरवेल एल्लो ब्रिक रोड अंग्रेजी संगीतकार एल्टन जोनको चालीसौं र अन्तिम कन्सर्ट यात्रा थियो । यो सन् २०१८ को सेप्टेम्बर ८ मा एलेनटाउन, पेन्सिलभेनियाबाट शुरू भएको थियो भने २०२३ ८ जुलाईमा स्टकहोम, स्वीडेनमा समाप्त भएको थियो । बिलबोर्डका अनुसार, भ्रमणले तीन सय ३० शोबाट नौ सय ३९ मिलियन डलर कमाइ गरेको थियो ।

३



### द डिभाइड टुर

एड सिरनले अगस्ट २०१९ मा ६ वटा महाद्वीपमा गरेको टुरनामक कन्सर्ट सबैभन्दा धेरै कमाउने कन्सर्ट हो । करिब ९० लाख टिकट बिक्री भएको सो कन्सर्टको ग्रस कलेक्सन सात सय ७६ मिलियन डलर थियो ।

४



### यू टू ३६० डिग्री टुर

रक ब्यान्ड यू टूद्वारा आयोजित विश्वव्यापी यू टू ३६० डिग्री टुर कन्सर्ट सन् २००९ देखि २०११ सम्म चलेको थियो । कुल एक सय १० स्थानमा आयोजित कन्सर्टको कमाइ सात सय ३६ मिलियन डलर थियो ।

५



### म्युजिक अफ द स्पेयर्स टुर

म्युजिक अफ द स्पेयर ब्रिटिश रक ब्यान्ड कोल्ड प्लेद्वारा सञ्चालन गरिएको आठौं कन्सर्ट भ्रमण हो । यसले उत्तर र दक्षिण अमेरिका, युरोप, एसिया र अस्ट्रेलियाका विभिन्न एक सय ३२ स्थानको भ्रमणका क्रममा आठ सय १० मिलियन डलर कमाइ गरेको थियो ।

६



### लभ अन टुर

ह्यारी स्टाइलको लभ अन टुर सबैभन्दा बढी कमाउने कन्सर्टको नम्बर ६ मा पर्छ । कुल एक सय ६९ स्थानमा गरिएको कन्सर्टले ६ सय १७ मिलियन डलर कमाइ गरेको थियो ।

७



### नट इन दिस लाइफटाइम

नट इन दिस लाइफटाइम हार्ड रक ब्यान्ड गन्स एन्ड रोजेजको सांगीतिक भ्रमण थियो । यो सबैभन्दा बढी कमाउने कन्सर्टको सातौं स्थानमा पर्छ । ब्यान्डले कुल एक सय ५८ शो गरेकोमा पाँच सय ८४ मिलियन डलर कमाइ गरेको थियो ।

८



### रेनेसा वर्ल्ड टुर

वियोन्सेको रेनासा वर्ल्ड टुर सन् २०२३ मा सम्पन्न भएको थियो । आफ्नो नवौं वर्ल्ड टुरबाट बियोन्से पाँच सय ८० मिलियन डलर कमाइ गर्दै अधिक कमाउने सेलिब्रेटीको ८ औं नम्बरमा परिन् ।

९



### अ बिगर ब्याङ टुर

द रोलिङ स्टोन्सको द बिगर ब्याङ टुर सबैभन्दा बढी कमाउनेमा ९ नम्बरमा पर्छ । सन् २००५ देखि २००७ सम्ममा विभिन्न देशमा एक सय ४४ आयोजना गरिएको सो कन्सर्टले पाँच सय ५८ मिलियन डलर कमाएको थियो ।

१०



### नो फिल्टर टुर

द रोलिङ स्टोन्सले नै सन् २०१७ मा शुरू गरेको कन्सर्ट नो फिल्टर टुर सन् २०२० मा सकिने भनिए पनि कोरोनाका कारण केही स्थानमा सन् २०२१ मा कार्यक्रम गरिएको थियो । ५८ स्थानमा गरिएको शोले पाँच सय ४७ मिलियन डलर कमाइ गरेको थियो ।

# जोगिन्दरको ठगठाग कम्पनी



लोकप्रिय हास्यव्यंग्य कलाकार शिवशंकर रिजाल (जोगिन्दर पानवाला) ले गाईजात्रे अडियो भिडियो कमेडी ठगठाग कम्पनी सार्वजनिक गरेका छन्।

२२ वर्षदेखि नियमित गाइजात्रे कमेडी ल्याउँदै आएका रिजालको ठगठाग कम्पनी ओएसआरको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो। उनले समसामयिक राजनीतिक घटनाक्रम, सामाजिक विकृति विसंगतिदेखि फेसन र ग्ल्यामरसम्मलाई कमेडीको मसला बनाएका छन्। लेखन, निर्देशन र प्रस्तुतिसमेत शिवशंकरकै रहेको ठगठाग कम्पनीमा उनले प्यारोडी पनि पस्केका छन्। उनले काले केटाले बोलको लोकप्रिय गीतमाथि प्यारोडी बनाएका हुन्। गीतमा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डदेखि नेपाली कांग्रेसका सभापति शेरबहादुरसम्मलाई विषय बनाएका छन्।

ठगठाग कम्पनीमा राधिका हमाल, गोपाल ढकाल 'छन्दे', दिनेश काफ्ले , सुरेश तिमिल्सेना, सिला उप्रेती, शिवराम कार्की, सोनम शेर्पा, विजेन्द्र नौबागे, धीरेन्द्र सिंह, सावित्री लामिछाने, पोसना श्रेष्ठ, वेदमणि अधिकारी र प्रेम शर्मा पौडेलको प्रस्तुति पनि समावेश छन्।

गाइजात्रा हास्य कलाकारका लागि महान् उत्सव भएकाले सधैंझैं यो वर्षपछि गाईजात्रे झटारो ल्याएको कलाकार रिजालले बताए। 'अहिले यस्ता कोसेलीको व्यावसायिकता त छैन, तर वर्षेनी दर्शक श्रोता मेरा कोसेलीको पर्खाइमा बस्नुहुन्छ। दर्शकको मायाले गर्दा पनि गाईजात्रे कमेडीमा निरन्तरता दिएको हुँ,' रिजालको भनाइ छ। उनी जमलस्थित नाचघरमा आयोजना हुने गाईजात्रा कार्यक्रममा पनि आफ्नो कमेडीका साथ प्रस्तुत हुनेछन्।

# मृत अवस्थामा भेटिए दृष्टिविहीन गायक प्रकाश



दृष्टिविहीन गायक प्रकाश तिमिल्सिनाको ३७ वर्षको उमेरमा निधन भएको छ।

शनिबार ललितपुर महानगरपालिका भैंसेपाटीस्थित आफ्नै कोठामा मृत अवस्थामा फेला परेका उनलाई परिवारले पाटन अस्पताल पुऱ्याए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। त्यसपछि उनको शव पोस्टमार्टमका लागि पाटन अस्पतालमा लगिएको थियो। दृष्टिविहीन उनी रियालिटी शो नेपाली ताराबाट गायनमा उदाएका उनको प्रिय तिम्रो सिउँदोमा सिन्दुर भर्न देऊ, तिम्रो हातको सिन्दुर, जुन भन्दिनँ, नमान लाज यसरी, नआए नि हुन्थ्योजस्ता गीत चर्चित छन्। सुनसरी प्रकाशपुरका उनले बाल्यअवस्थामा कोशीमा आएको बाढीका कारण परिवार गुमाएका थिए।

उनको आइतबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ। त्यसअघि उनको पार्थीव शरीर श्रद्धाञ्जलीका लागि नेपाल संगीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानमा राखिएको थियो।

THIS AD
IS FOR
GEN Z

नेपाल समाचारपत्र
TAKE A BREAK FROM THE SCREEN

## सम्पादकीय

# शुभ संकेत देखाऊ

दिउँसोको संकेत बिहानीले गर्छ भनेजस्तै वर्तमान सरकारले आगामी दिनमा के कसरी काम गर्छ भन्ने कुराको संकेत वर्तमान सरकारका तत्कालका गतिविधिले नै प्रस्ट पार्छ । सरकार जुन रफ्तारमा जनताका जनजीविकाका सवाललाई स्थापित गर्ने गरी अगाडि बढ्नुपर्थ्यो त्यो रफ्तारमा खासै अघि बढ्न सकेको देखिँदैन । यद्यपि सरकारको समीक्षा गर्न यसको हनिमुन समय (१ सय दिन) सम्म कुर्नुपर्छ । तैपनि सरकार गठन भएको झन्डै एक महिना पुग्नै लाग्दा सरकारका कामकारबाही उत्साजनक र आक्रामक बन्न सकेका छैनन् । अहिले बजारमा महँगीले सर्वसाधारण जनता आक्रान्त छन् । दुःखजिलो गरेर खानेलाई बिहान–बेलुकीको जोहो गर्न नै कठिन भइरहेको छ । सरकारी संयन्त्रले प्रभावकारी अनुगमन गर्न नसक्दा कालोबजारी मौलाइरहेको छ । नयाँ सरकारले मुलुकमा वास्तविक र जनताको सरकार रहेको अनुभूति आमजनतालाई दिलाउन सकेको छैन ।

दुःखका साथ भन्नुपर्छ कि जनतालाई राहत दिने, सरकार भएको अनुभूति दिलाउने विषय शासकहरूको उच्च प्राथमिकतामा कहिल्यै पनि परेन । त्यसैले पनि होला, सर्वसाधारणले कहिल्यै पनि देशमा आफ्नो सरकार भएको अनुभूति गर्नै पाएका छैनन् । उल्टो सामान्य नागरिकहरू त मुलुकमा सरकार नै नभएको जस्तो अनुभूति गर्न विवश छन् । वर्तमान सरकारले आमजनताको यस्तो विवशता बुझ्ने कोशिश गर्ला कि नगर्ला ? त्यो त आगामी दिनमा उसले गर्ने काम र व्यवहारबाट प्रस्ट हुने नै छ । अहिले देशको अवस्था हेर्ने हो भने चारैतिर विकृति बढेको बढ्यै छ । बिरामी हुँदा सुलभ स्वास्थ्य सेवा र औषधि पाउनबाट आमनागरिक वञ्चित छन् । स्वास्थ्य सेवामा मौलाएको माफियातन्त्रले नागरिकहरू आक्रान्त त छँदै छन्, उपचार अभावमा अकाल मृत्युवरण गर्नसमेत बाध्य छन् ।

यस्तै शिक्षा क्षेत्रसमेत माफियाको कब्जामा नै रहेको र सरकारी शिक्षा निकै कमजोर भएकाले आमनागरिक दुःखजिलो गरेरै भए पनि आफ्ना बालबच्चालाई बोर्डिङ स्कुलमा पढाउन बाध्य छन् । शिक्षा क्षेत्रमा वार्षिक अर्बौं रुपियाँ लगानी भए पनि त्यसको प्रतिफल आमनागरिकले पाउन सकेका छैनन् । जनताको करको सही सदुपयोगसमेत हुन सकिरहेको छैन । यस्तै मुलुकमा नयाँ उद्योगहरू स्थापना हुन सकेका छैनन् । भएका कैयौँ उद्योगहरू बन्द भएका छन् । त्यस्तै कैयौँ उद्योग अहिले खण्डहर अवस्थामा रहेको देख्दा पनि शासकहरूको मन कहिल्यै चसक्क हुँदैन ।

सरकारी उद्योगहरूलाई बन्द गराएर केही व्यापारीलाई मात्रै पोस्ने काम विगतमा गरिएको थियो । विशेष गरी लोकतन्त्र आएपछि जनताको लागि राजनीति गर्छौं भन्ने नालायकहरूले नै सरकारी उद्योगलाई ध्वस्त पारेका हुन् । यसका कारण हामीकहाँ रोजगारी पनि खोसिएको छ भने उद्योगमा परनिर्भर हुनुपर्ने अवस्था बढेर गएको छ । हामीकहाँ उत्पादन हुने वस्तुहरू पनि अहिले भारतलगायतका देशबाट आयात गर्नुपर्ने दुःखदायी अवस्था छ । निर्यातमा हामी निकै कमजोर छौं । त्यसैले पनि व्यापार घाटा अत्यधिक चुलिँदै गइरहेको छ । जता हेर्‍यो त्यतै विकृति नै विकृति देखिन्छ । रोजगारीको अभावमा लाखौं युवाहरू विदेशिने क्रम जारी छ । यस्ता तमाम खाले समस्या र जनताका जनजीविकाका सवालमा वर्तमान सरकार संवेदनशील भई त्यस्ता समस्या समाधान गर्ने किसिमले लाग्नुपर्छ । सरकारले शुरुवाती चरणमा नै जनहितका प्रभावकारी कार्यक्रम घोषणा गरी शुभ संकेत देखाउन ढिलाइ गर्नुहुँदैन ।

**लेखकहरूलाई अनुरोध**

१३०० शब्दका उत्कृष्ट लेख-रचना एवम् पाठक-पत्रहरू
निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ ।
email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

# शीर्षस्थ नेताहरू झस्कनै पर्छ



विनोद पौडेल

नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलाई हेर्ने हो भने सरकार बन्ने, बनाउने, टुटाउने, मिल्ने, छुट्ने, जुट्ने इत्यादि कार्य भइरहँदा खासै अचम्म मान्नुपर्ने अवस्था पक्कै छैन। यो हाम्रो मुलुकको स्वाभाविक राजनीतिक कार्य हो भन्दा फरक पर्दैन। यति बेला यो मुलुकको बागडोर केपी शर्मा ओलीले सम्हाल पुगेका छन्। कांग्रेसका सभापति शेरबहादुर देउवाले देखाएको ललीपपमा ओलीले प्रचण्डको सरकारलाई समर्थन फिर्ता दिई आफ्नो नेतृत्वमा सरकार गठन प्रक्रिया अगाडि बढाएर मुलुकको बागडोर हातमा लिएका हुन्। तिनै प्रचण्डलाई निर्वाचनपश्चात् सरकार गठनमा पटक-पटक समर्थन गरेको एमालेले पछिल्लोपटक प्रचण्डले मागेको विश्वासको मतमा एमालेले समर्थन नगर्दा प्रचण्डको सरकार अल्पमतमा परी सरकार ढल्न पुगेको हो। अहिले कांग्रेस, एमालेलगायतको समर्थनमा दुई तिहाइको सरकार गठन भएको छ।

यसरी सरकार गठन हुँदैमा नेपाली जनता दंग पर्नुपर्ने आधार भने छैन। केवल सरकार प्रमुखको स्वाद लिइसकेका नेतालाई बाहिर बसेर भन्दा सरकारमा बसेर कसरी फाइदा लुट्ने भन्ने व्यक्ति केन्द्रित राजनीति हाबी बन्दै गएको छ। यसर्थ यो सरकारको सत्ता स्वार्थ केन्द्रित राजनीति हो, थियो र भविष्यमा पनि यस्तै प्रक्रिया चलिरहनेछ भन्दा खासै फरक पर्दैन। पछिल्लो सरकारबाट हामीले त्यति ठूलो अपेक्षा नराख्दै बेस होला, जुन आमनागरिको हक-हित संरक्षण विकासका निमित्त पटक्कै छैन। यदि थियो भने मुलुक प्राकृतिक विपत्ति बाढी-पहिरोले आक्रान्त बन्दा, तराई डुब्दा, पहाड खस्दा, गुडिरहेको बस त्रिशूलीमा डुब्दा, भएभरको उपाय लगाएर डुबेको बस खोज्दा, उक्त बसमा सवार ५० भन्दा बढी यात्रु बेपत्ता हुँदा, तिनका आफन्तको चित्कारले घटनास्थल भावविभोर बन्दा यो मुलुकका प्रमुख राजनीतिक दलका नेताहरू सरकार गिराएर नयाँ सरकार बनाउनमै व्यस्त थिए। यदि नागरिकको चिन्ता थियो भने भएभरको शक्ति त्यहाँ प्रयोग गर्थे होला। तर विडम्बना, त्यता ध्यान दिँदा यता सरकार प्रमुख बन्ने अवसर गुम्ने सोच भएका नेताबाट विकासको आशा गर्नु र प्राकृतिक विपत्तिमा उद्धार कुरेर बस्नु बेकार छ।

अब पनि हाम्रा नेतामा चेतनास्तर नबढ्ने र उही पुरानै पारामा आफ्नालाई काखी च्याप्ने अनि तिनै जनताले नेता बनाएका जनताका विषयमा भने सम्बोधन नगर्ने हो भने कुनै दिन बंगलादेशको जस्तो हालत भोग्नु नपर्ला भन्न सकिन्न। त्यसैले अब नेताहरू झस्कनुपर्छ र आफूहरूलाई सुधार्ने कोशिश गर्न थालिहाल्नु जरुरी छ। बंगालादेशको जस्तो हालत व्यहोर्नु नपर्ला भनिरहँदा के भएको थियो त बंगलादेशमा भन्ने बुझ्न जरुरी छ।

> अब पनि हाम्रा नेतामा चेतनास्तर नबढ्ने र उही पुरानै पारामा आफ्नालाई काखी च्याप्ने अनि तिनै जनताले नेता बनाएका जनताका विषयमा भने सम्बोधन नगर्ने हो भने कुनै दिन बंगलादेशको जस्तो हालत भोग्नु नपर्ला भन्न सकिन्न। त्यसैले अब नेताहरू झस्कनुपर्छ र आफूहरूलाई सुधार्ने कोशिश गर्न थालिहाल्नु जरुरी छ।

सन् १९७१ मा स्वतन्त्रता युद्धपछि पाकिस्तानबाट बंगलादेश स्वतन्त्र भयो। त्यसको करिब एक वर्षपछि सन् १९७२ मा बंगलादेश सरकारले स्वतन्त्रता सेनानीका सन्तानलाई सरकारी जागिरमा ३० प्रतिशत आरक्षण दिने व्यवस्था गरेको थियो। बंगलादेशमा यही आरक्षणको विरोधमा प्रदर्शन भएको थियो। विरोध प्रदर्शन जुनको अन्त्यबाट शुरु भएको थियो। विरोध प्रदर्शनमा हजारौं बंगलादेशी विद्यार्थीहरू सडकमा उत्रिने क्रम जारी रहँदा सरकारले बल प्रयोग गर्न थाल्यो र विरोध बिस्तारै हिंसात्मक बन्दै जाँदा उग्ररुप लिन थालेको थियो। ढाका विश्वविद्यालयका विद्यार्थीहरूको प्रहरी र सत्तारुढ अवामी लिगले समर्थन गरेको विद्यार्थी संगठनसँग झडप भयो। झडपमा विद्यार्थीहरूको मृत्यु हुन थाल्यो। हालसम्म सयौं प्रदर्शनकारी विद्यार्थीहरूको मृत्यु भइसकेको छ भने कैयौं घाइते भएका छन्। सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले समेत ज्यान गुमाएका छन्।

सन् १९७२ देखि लागू भएको आरक्षण व्यवस्थालाई सरकारले सन् २०१८ मा खारेज गरेको थियो। तर जुन महिनामा उच्च अदालतले सरकारी जागिरमा आरक्षण प्रणालीलाई पुनर्स्थापित गरिदियो। अदालतले आरक्षण प्रणाली अन्त्य गर्ने निर्णयलाई पनि गैरकानुनी भनेको थियो। अदालतको आदेशपछि देशभर चर्को विरोध शुरु भएको थियो। अहिलेको आन्दोलनको मुख्यत: विषय नै आरक्षण प्रणाली रहेको थियो। यस प्रणालीअन्तर्गत स्वतन्त्रता सेनानीका परिवारका लागि सरकारी जागिरमा ३० प्रतिशत आरक्षणको व्यवस्था थियो।

शुरुदेखि विद्यार्थीहरूले स्वतन्त्रता सेनानीका परिवारका लागि आरक्षित जागिरको मात्रै विरोध गरेका थिए। सोको सट्टामा योग्यतामा आधारित प्रणाली लागू गर्नुपर्ने उनीहरूको मुख्य माग थियो। प्रदर्शनकारीहरूले यो भेदभावपूर्ण भएको र प्रधानमन्त्री शेख हसिनाको अवामी लिग पार्टीका समर्थकहरूलाई समर्थन गर्ने प्रणालीको अन्त्य गर्न माग गरिरहेका थिए। सर्वोच्च अदालतको फैसलापछि आन्दोलन अन्त्य हुने आँकलन गरिएको थियो। तर आँकलन गरिएजस्तो हुन सकेन र आन्दोलन झनै हिंसात्मक बन्दै गयो। विद्यार्थी संगठनहरूले सर्वोच्च अदालतको फैसलाले आन्दोलनको अन्त्य नभएको भन्दै प्रधानमन्त्री शेख हसिनाको राजीनामा माग गर्न थाले। राजीनामा अघि प्रधानमन्त्री शेख हसिनाले आगजनीमा संलग्नहरू विद्यार्थी नभई ती विद्यार्थी आतंकवादी भएको बताएकी थिइन्। किनकि तिनै विद्यार्थीका कारण राजीनामा दिन बाध्य भएको हुँदा पदबाट निस्किँदा आक्रोशसमेत पोखिन्।

बंगलादेश स्वतन्त्र भएयता झन्डै १६ वर्ष हाराहारी एकछत्ररुपमा प्रधानमन्त्री पदमा बस्ने नेता शेख हसिना पछिल्लो समय आरक्षणको मुद्दालाई लिएर विद्यार्थीले गरेको आन्दोलनका कारण गएको सोमबार प्रधानमन्त्री पदबाट राजीनामा दिन बाध्य बनिन्। उनले राम्रोसँग राजीनामा बुझाउनसमेत पाइनन्। हजारौंको संख्यामा भेला भएका आन्दोलनकारीले ढाकास्थित प्रधानमन्त्रीको सरकारी निवास गणभवन घेरेपछि उनले अवामी लिग पार्टीकी नेता एवं आफ्नी बहिनी शेख रेहना सिद्धिकीसँगै देश छाडिन्। उनी सेनाको हेलिकोप्टर चढेर भारतको नयाँ दिल्ली पुगेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका थिए।

यस घटनाबाट पनि हामीले के बुझ्न जरुरी छ भने, कुनै दिन तिनै जनताले सरकारमा पुर्‍याएर झन्डै साढे एक दशकभन्दा लोमा समय निरन्तर प्रधानमन्त्रीको बागडोर सम्हालेकी तत्कालीन बंगलादेशको शक्तिशाली प्रधानमन्त्री शेख हसिनाले तिनै जनताका कारण आफ्नो मुलुक नै छाड्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो। यस्तो अवस्था नेपालको बागडोर सम्हालेकाले सोचेका छन् कि छैनन् ? एउटा सानो विषयले गर्दा बंगलादेशको सरकारको हालत कस्तो बन्यो ? यस घटनाक्रमले सरकार यति बेला सेनाको हातमा पुग्यो। यो अवस्था नेपालका शीर्षस्थ नेताहरूले बुझ्न जरुरी छ। कुनै दिन यस्तो भोगाइ नेपाली नेताले भोग्न नपर्ला भन्न सकिन्न। नेपाली युवाको तागत बंगलादेशका युवाको भन्दा कडा छ भन्दा अतिशयुक्ति नहोला।

बंगलादेशमा कोटा प्रणालीविरुद्धको आन्दोलन ढाका विश्वविद्यालयका केही विद्यार्थीको नेतृत्वबाट शुरु भएको थियो। ती विद्यार्थीहरूले आरक्षणविरुद्ध प्लेकार्ड र झन्डा बोकेर आन्दोलनको शुरुवात गरेका थिए। विश्वविद्यालयमा शान्तिपूर्ण आन्दोलनलाई बिथोल्न सत्तारुढ अवामी पार्टीको विद्यार्थी संगठनका कार्यकर्ताहरू परिचालित हुँदा शान्तिपूर्ण प्रदर्शनमा रहेका बेला विद्यार्थीलाई विभिन्न वस्तुहरूले प्रहार हुँदा प्रदर्शन बिस्तारै हिंसात्मकरुपमा अघि बढेको विश्लेषकहरूले बताएका थिए। १६ जुलाईमा बंगलादेशी प्रहरीले यो मामलामा पहिलोपटक अश्रुग्यास प्रहार र लाठी चार्ज गरेको थियो। विद्यार्थी अबु सयद नेतृत्वको आन्दोलनमा बेगम रोकेया विश्वविद्यालय, रंगपुरमा प्रहरीले विद्यार्थीमाथि दमन गर्‍यो। त्यस बेला आन्दोलनको नेतृत्वकर्ता सयद सडकमा छाती थापेर बसेको फोटोसमेत सार्वजनिक भएको थियो, जुन तस्वीर अहिलेसम्म भाइरल बनेको छ तर उनी गोली लागेर बाँच्न भने सकेनन्। 'यसपछि विद्यार्थी थप रुष्ट भए र आन्दोलन झन् बढ्दै जाँदा नेतृत्वकर्ताको संख्या क्रमश: बढ्दै गयो। अति त झन् देशभर कोटा प्रणालीविरुद्ध आन्दोलन हुन थालेको थियो। सो आन्दोलन रोक्न नसकिनेजस्तो लागेर होला शायद, सरकारले दमन, कर्फ्यु र इन्टरनेट बन्द गर्ने निर्णय गर्‍यो। ताकि यो प्रयासले आन्दोलन मत्थर हुन्छ कि भन्ने अनुमान लगाएको थियो।

बंगलादेश स्वतन्त्रता भएको अहिले ५३ वर्ष पुगिसकेको छ। अहिलेसम्म पनि आन्दोलनमा सहभागी भएकाहरूका सन्तानले सरकारी सेवामा ठूलो संख्यामा कोटा पाइरहनु न्यायोचित नभएको भन्दै कोटा प्रणाली सुधार्नुपर्छ भन्ने माग विद्यार्थीहरूको थियो। विद्यार्थीहरूले योग्यताका आधारमा सरकारी सेवामा भर्तीलाई जोड दिनुपर्ने माग गरेका थिए। आरक्षण प्रणालीले निरन्तरता पाउँदा हसिना नेतृत्वको सत्तारुढ आम अवामी पार्टीलाई फाइदा पुग्ने राजनीतिक विश्लेषकहरूले बताउँदै आएका थिए। किनकि हसिनाका बुबा शेख मुजिबुर रहमानले बंगलादेशलाई स्वतन्त्र बनाउन नेतृत्वदायी भूमिका खेलेका थिए। फस्वरुप बंगलादेश स्वतन्त्र भएपछि उनी पहिलो राष्ट्रपतिसमेत बनेका थिए। त्यसैले स्वतन्त्रता आन्दोलनमा सहभागी परिवारका सन्तानलाई कोटा दिने निर्णयबाट उनको पार्टीलाई फाइदा पुग्ने विश्लेषण गरिएको जानकारहरू बताउँछन्। शायद त्यसै कारण सामान्य विषयलाई सामान्यरुपमा समाधान गरेको भए विषय सामान्य नै हुन्थ्यो। तर घटनालाई राजनीतिसँग जोडेर पदको लोभ र स्वार्थका निमित्त लाग्दा प्रधानमन्त्री हसिनाले शक्तिशाली पदबाट राजीनामा दिन बाध्य बनिन्। त्यतिमा मात्र सीमित रहिनन्, उनले मुलुक नै छोड्नुपर्‍यो, उनीमा संकट आइपर्‍यो।

यो घटनाले नेपाली नेतामा चेत आउन जरुरी छ। अझ नेपालको सरकार गठन विभिन्न दलको समर्थनमा बन्ने गरेको हुन्छ। पालैपालो शीर्ष दलका नेताहरू प्रधानमन्त्री बन्ने जोड-घटाउ गर्दै, सरकार गठन गर्दै, ढलपल-ढलपल गर्दै सरकार अगाडि बढाइरहेका हुन्छन्। हरेक दलका नेताहरू केही न केही काण्डमा र स्वार्थमा मुछिएर विवादित बनेका छन्। भ्रष्टाचार र अनियमितता मुलुकमा व्याप्त छ। सामान्य मानिसलाई दैनिकी गुजार्न निकै गाह्रो अवस्था भएको छ। तर नेताका दैनिकी हेर्ने हो भने ऐस-आराममा बितिरहेको छ। मुलुकमा भएका कलकारखाना, उद्योगधन्दाले गति लिन सकेको छैन, गरिबीले मुलुक शिथिल बनेको छ। निर्यात केही छैन, दैनिक उपभोग्य वस्तु आयातीत मात्र छ, कृषिप्रधान भनिए पनि कृषिमा सरकारको ध्यान पुग्दै पुग्दैन। रोजगारीका निमित्त युवा जनशक्ति विदेश पालायन हुन बाध्य छन्। तर सरकार बेखबरजस्तै बनेको छ। यदि यिनै विषयलाई लिएर बंगलादेशका युवा विद्यार्थीझैं नेपाली युवा जनशक्तिले आन्दोलन गर्ने हो भने शेख हसिनाजस्तो शक्तिशाली प्रधानमन्त्री त पदमुक्त बन्नुपर्‍यो भने यो मुलुकका नेताको अवस्था कस्तो रहला ? सोचनीय छ। त्यसैले बंगलादेशलाई हेरेर अब यहाँका नेता पनि सुध्रिने पो हो कि !

# फोहोर व्यवस्थापनमा वीरेन्द्रनगरको न दिगो योजना, न बजेट



सिर्जना बुढाथोकी

श्रीकृष्ण सामुदायिक वनको बाटोमा पैदल यात्रा गर्दै हामी गत साउन ११ गते तारेभीर पुग्यौं, जहाँ वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोर विसर्जन गर्न बनाइएको अव्यवस्थित ल्यान्ड फिल्ड साइट छ। त्यहाँको दृश्यले हामीलाई भावुक बनायो।

**फोहोरको थुप्रोमा बाँचेको जीवन :**

त्यहाँको फोहोरको डंगुरमा आफ्नो जीवन खोतल्दै हुनुहुन्थ्यो, वीरेन्द्रनगर-१ की शान्ति नेपाली। उहाँका श्रीमान् रामबहादुर नेपाली कुनै बेला नेपाल सेनामा कार्यरत हुनुहुन्थ्यो। माओवादीसँगको युद्धमा गोली लागेर उहाँ अहिले हलचल गर्न सक्नुहुन्न। शान्ति भन्छिन्, 'तीन छोरी र एक छोरालाई अलि-अलि भए पनि शिक्षा दिन र श्रीमान्लाई औषधि एवं खाना खर्च जुटाउनकै लागि जोखिम मोलेर फोहोरसँग खेल्नुपरेको छ।'

यसबाहेक शान्तिसँग अन्य कुनै आयआर्जनको उपाय छैन। फोहोरबाट प्लास्टिकका बोतल छुट्याएर शान्तिले कबाडमा बेच्ने गर्नुहुन्छ। उहाँले महिनामा जसोतसो ६ देखि ८ हजार रुपियाँसम्म कमाउनुहुन्छ। शान्ति मात्र होइन, फोहोरमा जीवनका सपना देख्नेहरू अरु पनि छन्। वीरेन्द्रनगर-१ कै लीला नेपालीको जीवनकथा पनि उस्तै दर्दनाक छ। ड्राइभर पेसा गरेर घर चलाइरहेका लीलाका श्रीमान्को पनि दुर्घटनामा दुवै खुट्टा भाँचिए, जसका कारण हिँडडुल नै गर्न नसक्ने अवस्थामा हुनुहुन्छ। ज्याला मजदुरी गरेर श्रीमान् र छोराछोरीको खर्च व्यवस्थापन गरिरहेकी लीला पनि हिजोआज त्यही फोहोरको डंगुरमा भेटिनुहुन्छ। फोहोरमा काम गरेर रोग लाग्लाभन्दा पनि आजको छाक कसरी टार्ने भन्ने चिन्ता लीला र शान्तिको मात्रै होइन, यहाँ भेटिने यस्ता दर्जनौं दिदी-बहिनीको छ।

वीरेन्द्रनगर नगरपालिका-१ बस्ने हरिसरा नेपाली र पुष्पा नेपाली विगत ५ वर्षदेखि डम्पिङ साइटमा काम गर्दै आएका छन्। तर कुहिने र नकुहिने मिश्रित फोहोरले उहाँहरूलाई काम गर्न चुनौती छ। उहाँहरूलाई नगरपालिकाले सुरक्षित काम गर्ने वातावरण बनाउनेतर्फ ध्यान दिएको छैन। नगरपालिकाले मास्क, पञ्जा दिनसमेत बेवास्ता गर्दै आएको उहाँहरू बताउनुहुन्छ।

औषधि प्रयोगपश्चात् फालिएका सिरिन्ज अनि फुटेका काँच मिसिएको फोहोर मिलाउँदै गरेकी पुष्पा नेपाली विगत पाँच वर्षदेखि काम गर्दै आए पनि आफ्ना समस्याप्रति कोही जिम्मेवार नबनेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'दिनमा कयौँपटक हस्पिटलका सिरिन्जहरू बिज्छन्। कतिपटक सिसाले काट्छ। दुर्गन्धको त बानीजस्तै बनिसक्यो। कोरोना, डेंगी पनि लाग्यो तर नगरपालिकाले केही गरेन। उहाँ थप्नुहुन्छ, 'आफ्नै खर्चबाट उपचार गर्‍यौं। हाम्रो आजसम्म स्वास्थ्य बिमासमेत भएको छैन।' मासिक १३ हजारमा नगरपालिकाले उहाँहरूलाई जोखिमपूर्ण काममा लगाउँदै आएको छ। उहाँसँगै डम्पिङ साइटमा काम गर्दै आएकी हरिसरा नेपालीले सबै फोहोर एकैठाउँमा फाल्ने गरेकोले समस्या भएको दुखेसो गर्नुभयो। 'हामीले यसलाई सोरेर मिलाउँछौं', उहाँ भन्नुहुन्छ, 'हाम्रो समस्या कसैले पनि सुन्दैन, के गर्नु ? काम गर्नुपर्ने बाध्यता छ।'

वीरेन्द्रनगरले फोहोर संकलनदेखि विसर्जन केन्द्रलाई व्यवस्थित र सुरक्षित बनाउन नसक्दा विशेष गरी महिलाहरू क्यान्सरलगायतका घातक रोगको सिकार भइरहेको स्वास्थ्यकर्मीहरू बताउँछन्। कर्णाली प्रदेश अस्पताल सुर्खेतका बालरोग विशेषज्ञ डा. नवराज केसीले फोहोर संकलन गर्दै गर्दा कुहिने र नकुहिने वर्गीकरण नगरेका कारण समस्या आएको बताउनुभयो। उहाँ भन्नुहुन्छ, 'वीरेन्द्रनगरमा प्लास्टिक जलाउने प्रचलन छ, त्यसले निकै समस्या निम्त्याउने हुन्छ। साथै प्लास्टिक जथाभावी फाल्दा पानी जम्मा भएर लामखुट्टे धेरै जन्मिई डेंगीको जोखिम बढ्छ। वीरेन्द्रनगरको ठूलो जोखिम खडा गर्ने विषय नै फोहोर हो।'

नगरपालिकाले डम्पिङ साइटको फोहोर व्यवस्थापनमा महिलाहरूलाई न्यून पारिश्रमिकमा असुरक्षित तरिकाले काममा लगाइरहेको उल्लिखित दृश्यबाट पुष्टि हुन्छ। वीरेन्द्रनगर नगरपालिकाका वातावरण तथा विपद् उपशाखा प्रमुख यामलाल गिरी नगरपालिकाबाट फोहोर व्यवस्थापनमा खटिएका कर्मचारीले सरकारले तोकेको न्यूनतम सेवा-सुविधा पाउने बताउनुहुन्छ। 'दैनिक ज्यालादारीले बाहिरी लेबरको बराबर पाउँछन् तर नगरपालिकाले त करारमा राखेको हो नि। रोजगारीको ग्यारेन्टी, बिदाको दिनको पनि पैसा पाइन्छ, बिरामी विदा हुन्छ', उहाँ भन्नुहुन्छ, 'नगरपालिकाले उहाँहरूको सुरक्षाका लागि माक्स, पञ्जा दिएको छ। उहाँरुले ती चिज लिएको स्टोरमा रेकर्ड पनि छ।'

त्यहाँ काम गर्नेहरूको समस्या मात्र होइन, डम्पिङ साइटको फोहोर र त्यसको दुर्गन्धले स्थानीयहरू विस्थापित हुनुपर्ने अवस्था पनि सिर्जना भएको छ। वीरेन्द्रनगर-१ धारापानीका बिर्मा फौंजाको घरमा झिँगा र लामखुट्टेको सास्तीसँगै डम्पिङ साइटको दुर्गन्धले बस्न नसक्ने अवस्था भएको छ। नगरपालिकाले नगरभित्र उत्पादन हुने फोहोर उहाँकै घरछेउमा रहेको श्रीकृष्ण सामुदायिक वनमा अव्यवस्थित ढंगले फाल्दै आएको छ। उक्त फोहोरका कारण नै फौंजासहित करिब १६० घरधुरीलाई दुर्गन्धका कारण बस्नै सकस भइरहेको छ।

'ट्याक्टरमा ल्याउने फोहोर सबै एकैठाउँमा मिसाएर फाल्छन्, त्यो फोहोरको दुर्गन्धले गर्दा हाम्रो स्वास्थ्यमा समस्या भइसक्यो', उहाँ भन्नुहुन्छ, 'फोहोर पनि बाटोमा खसाल्दै लैजान्छ, डम्पिङ साइट बन्छ भनेको कति भइसक्यो, सबै फोहोर एकैठाउँमा फालेपछि यो समस्या कहिल्यै समाधान हुँदैन।'

१६ वटा वडा रहेको वीरेन्द्रनगर नगरपालिकाको १ देखि १२ वडासम्मको फोहोर संकलन गरी वडा नं. १ धारापानीस्थित तारेभीरमा फाल्ने गरिएको छ। नगरपालिकाले फोहोरको व्यवस्थापन सही ढंगले नगर्दा आफूहरू दुर्गन्धमा बस्नुपरिरहेको स्थानीय लीलाराम पुरीले गुनासो गर्नुभयो। वडा नम्बर १ का अध्यक्ष दिनेश खत्रीले नगर क्षेत्रबाट उत्पादन भएको फोहोरका कारण वडावासीले सास्ती भोग्नुपरेको बताउनुभयो। फोहोर विर्सजन क्षेत्रमा जाने क्रममा गाडीहरूले सुरक्षाका उपाय नअपनाउने र जथाभावी ल्यान्डफिल्ड साइटमा फोहोर विसर्जन गरिँदा स्थानीय दुर्गन्धको मार खेप्न बाध्य भएको उहाँको भनाइ छ। अध्यक्ष खत्रीले आफ्नो १ नम्बर वडालाई अरु वडाभन्दा उपेक्षामा पारिएको बताउनुभयो।

'हरेक बैठकमा फोहोर व्यवस्थापन भएन भनेर कुरा उठान गरे पनि सुनुवाइ हुँदैन। सुनुवाइ नहुँदासम्म बैठकमा सहभागी नहुने भनी बहिष्कार गरेर निस्किएको छु', उहाँ भन्नुहुन्छ, 'अब फोहोर ल्याउनै नदिएर बन्द गर्नुको विकल्प छैन। कुहिने र नकुहिने छुट्टाएर नल्याउने गाडी वडामै छिर्न नदिने योजना बनाएको छु।'

**न दिगो योजना, न त बजेट नै :**

वि.सं. २०७३ देखि नगरपालिकाले उत्पादित फोहोर तारेभीरमा विसर्जन गर्दै आएको छ। बस्ती र सडकमै फोहोरको डंगुर थुप्रिँदा वडा नं. १ धारापानीको माथिल्लो क्षेत्र प्रभावित बनेको छ। यता नगरपालिकाले ल्यान्डफिल साइट निर्माण कार्यलाई निरन्तरता दिने बताएको छ। यस्तै त्यस क्षेत्रमा जाने सडकको स्तरोन्नति गर्न ८० लाख बजेट विनियोजन गरेको बजेट वक्तव्यमा उल्लेख गरेको छ।

वीरेन्द्रनगर फोहोर व्यवस्थापनका क्षेत्रमा अध्ययन गरिरहेका कृष्णप्रसाद ढकालका अनुसार दैनिक १२ टन फोहोर वीरेन्द्रनगरमा उत्पादन हुन्छ। दैनिक ३० टनसम्म खपत गर्न सक्ने प्रविधि आइसकेको समयमा यति थोरै फोहोर व्यवस्थापन हुन नसक्नु दुःखद हो। 'तीनवटा उद्योग जस्तै- प्लास्टिक प्रशोधन गर्ने, कागज प्रशोधन गर्ने र कुहिने फोहोरको इन्टरप्राइज शुरु हुन्छ, जहाँ रोजगारी पनि धेरैले पाउँछन्, फोहोरमा नयाँ उद्यम शुरु हुन्छ', उहाँ भन्नुहुन्छ, 'दिगोपनाको व्यवस्थापनमा वीरेन्द्रनगर नगरपालिकाले ध्यान दिएन, जसले दुई पैसा बढी दियो उसैलाई फोहोर उठाउन दिँदा समस्या भएको हो।'

यद्यपि पालिकाले फोहोरको दीर्घकालीन समाधान र यसको व्यवस्थापनका अन्य पक्षहरू कुहिने फोहोरबाट विभिन्न जैविक तथा कम्पोस्ट मल बनाउने तथा नकुहिने फोहोरको पुन: प्रयोगजस्ता गतिविधिलाई जोड दिएको पाइँदैन, जुन अति आवश्यक छ। वीरेन्द्रनगरमा मासिक ३२ ट्याक्टर फोहोर उत्पादन हुन्छ। जसमध्ये कुहिने ६३ प्रतिशत र नकुहिने फोहोर ३७ प्रतिशत उत्पादन हुने गरेको वीरेन्द्रनगर नगरपालिकाका वरिष्ठ अधिकृत प्रकाश पौडेल बताउनुहुन्छ। उक्त फोहोरमध्ये वार्षिक ४ हजार ३ सय २० मेट्रिक टन फोहोर व्यवस्थापन हुन सकिरहेको छैन।

वीरेन्द्रनगरमा दैनिक उत्पादन हुने फोहोरमध्ये ८ प्रतिशत रबर, १२ प्रतिशत प्लास्टिक, ४ प्रतिशत सिसा, १२ प्रतिशत पेपर, ४ प्रतिशत कपडा र ४ प्रतिशत अन्य फोहोर उत्पादन हुँदै आएको छ। यसमध्ये पनि ३० प्रतिशत फोहोर औद्योगिक क्षेत्रबाट उत्पादन हुने गरेको छ। त्यस्तै ३५ प्रतिशत घर र ३५ प्रतिशत पसलहरूबाट निस्कने गरेको छ। मापदण्डअनुसार स्टेन्डर मेन्टेन गर्न बजेटमा समस्या भएकोले योजनाअनुसार काम गर्न कठिनाइ भएको अधिकृत पौडेलले बताउनुभयो।

नगर प्रमुख मोहनमाया ढकालले कुहिने फोहोरको वीरेन्द्रनगरमा समस्या नभएर नकुहिने फोहोर जुन कबाडमा जाँदैन त्यो फोहोरको लागि रिसाइकलको व्यवस्थाको उपाय खोजिरहेको बताउनुभयो। उहाँ भन्नुहुन्छ, 'बजेटको समस्या छैन, करोडौंको राजस्व आउँछ, त्यसलाई लगाउन सकिन्छ। नगर सरसफाइका आधारभूत इन्डिकेट सबै पूरा भइसके तर अब अब्बल तरिकाले अगाडि बढाउने योजना बनिरहेको छ।' सेफ्टीट्यांकीको फोहोर व्यवस्थापनबाट नगरपालिकाले वार्षिक ८ लाख आम्दानी गरिरहेको उहाँले बताउनुभयो। उहाँले डम्पिङ साइटलाई व्यवस्थित बनाउन लागि परेकाले एक-दुई वर्षमै वीरेन्द्रनगरलाई फोहोररहित शहर बनाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

**प्राथमिकतामै छैन फोहोर व्यवस्थापन :**

वीरेन्द्रनगर नगरपालिकाको फोहोर व्यवस्थापनमा प्रदेश सरकार बेखबर छ। प्रदेश सरकारका संरचना वीरेन्द्रनगरमा झकिझकाउ छन् तर यहाँको फोहोर व्यवस्थापनको पाटो प्रदेश सरकारको प्राथमिकतामै पर्न सकेको छैन। कर्णाली प्रदेशको उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय योजना तथा अनुगमन महाशाखा प्रमुख रेनुका न्यौपानेले वीरेन्द्रनगरको वातावरण संरक्षणमा चुनौती रहेको स्वीकार गर्नुभयो। फोहोर व्यवस्थापनमै भनेर बजेट नभएको उहाँले बताउनुभयो।

'बर्सेनि जंगल फडानी, आगलागी, फोहोरजन्य वस्तुको व्यवस्थापनमा निकै गाह्रो भइरहेको छ', न्यौपाने भन्नुहुन्छ, 'वीरेन्द्रनगर नगरपालिकाका नागरिकले वातावरण संरक्षणमा ध्यान दिएका छैनन्, हामीले परिवर्तित वातावरणमा अनुकूलन बनाउने खालका कार्यक्रमसमेत सञ्चालन गरेका छौं।' तर जलवायु परिवर्तन न्यूनीकरणका लागि दक्ष जनशक्ति र बजेट अभावका कारण कार्यान्वयनमा गाह्रो भएको उहाँको भनाइ छ।

उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय योजना तथा अनुगमन महाशाखाका निमित्त सचिव, वन तथा जैविक विविधता महाशाखा प्रमुख शेरबहादुर श्रेष्ठले वातावरण मन्त्रालय भएकाले फोहोर व्यवस्थापन गर्नेभन्दा पनि समग्र वातावरणीय स्वच्छताको काम गर्नुपर्ने बताउनुभयो। उहाँले नीतिगत तथा कानुनी कुरा मात्रै मन्त्रालयले गर्नेमा जोड दिनुभयो। मन्त्रालयले निजी क्षेत्रलाई सहयोग गरेर कानुनी खाका मात्रै तयार गरी योजना दिने उहाँले बताउनुभयो।

# स्वास्थ्य बिमा ५ लाख बनाइने

नेपाल समाचारपत्र, काठमाडौं

स्वास्थ्य बिमाको सीमा क्षेत्र वृद्धि गरी ५ लाख बनाउने र हरेक अस्पतालमा न्युरोसम्बन्धी सेवा विस्तार गर्ने स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले बताउनुभएको छ।

मन्त्री पौडेलले स्वास्थ्य मन्त्रालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा स्वास्थ्यका नीति तथा कार्यक्रमका बारेमा जानकारी गराउँदै स्वास्थ्य बिमालाई एकद्वार प्रणालीका माध्यमबाट अघि बढाउने नीति अघि सारेको जानकारी गराउनुभयो। उहाँले स्वास्थ्य बिमा हालसम्म १ लाख रहेकोमा त्यसलाई वृद्धि गरी ५ लाख बनाउन ४० अर्बको स्रोत सुनिश्चित भएको र नीति तथा कार्यक्रमअनुसार प्रस्तुत गरिएका कार्यक्रममा १५ देखि २० प्रतिशत बजेटको स्रोत सुनिश्चित नभएको बताउनुभयो।

स्रोत सुनिश्चित नभएको अवस्थामा तीनै तहको सरकार र दातृ निकायसँग सहकार्य गरेर अघि बढ्ने योजनासहित कार्यक्रम ल्याएको पनि उहाँले जानकारी गराउनुभयो। मन्त्री पौड्यालले खरिद प्रक्रियालाई पारदर्शी बनाउने विषयमा नीतिगत सुधारका लागि स्वास्थ्य मन्त्रालयले जोड दिने बताउनुभयो। हरेक अस्पतालमा आईसीयू तथा शल्यक्रिया कक्ष र जनशक्तिलाई दुई सिफ्टमा चलाएर भए पनि सेवालाई चालू गर्ने र दक्ष जनशक्तिको कामको मूल्यांकन गरी समयसापेक्ष तलबभत्ता दिने व्यवस्था गरिने उहाँले बताउनुभयो।

यी कार्यक्रम पूरा गर्न आवश्यकताअनुसार प्रविधि, विशेषज्ञ, आवश्यक जनशक्तिसहितको कार्यान्वयन समिति बनाई हुटहुटी ल्याउने मन्त्री पौडेलको योजना रहेको छ। उहाँले गंगालाल अस्पताललाई मुटुरोग विशेषज्ञ अध्ययन अध्यापनका लागि विस्तार गर्ने, निरोगी नेपाल बनाउन रोग निरोधक प्रणालीको विकास गर्ने, आधारभूत स्वास्थ्य केन्द्र विस्तार गर्ने, योग, ध्यानमा जोड दिने, आयुर्वेदलाई प्राथमिकतामा राख्ने, पाठ्यक्रममा नै स्वास्थ्य शिक्षामा जोड दिने, जनचाहनाअनुरूपको व्यवस्थापन गर्ने लक्ष्य सरकारले लिएको बताउनुभयो।

त्यसै गरी मानसिक स्वास्थ्य कार्यक्रम विस्तार गर्ने, लागु पदार्थ दुर्व्यसनलाई सुधार ल्याउने कार्यक्रम बनाउने, स्तन क्यान्सर र मुटुको भल्भ फेर्न तथा उपचारमा गरिब तथा आयस्रोत नभएकालाई नि:शुल्क गर्नेतर्फ जोड दिने, मिर्गौला रोगको स्थानीय स्तरमा स्क्रिनिङ गर्ने, सरकारकै न्यूरो अस्पताल छुट्टै नभएकाले न्यूरो अस्पताल खोल्ने, गंगालाललाई ५ सय बेडमा विस्तार गर्ने, कान्ति बाल अस्पताललाई वृद्धि विकास गर्ने, टेकु अस्पताललाई सरुवारोग उपचारको हब केन्द्र बनाउने, सातै प्रदेशमा मिर्गौला प्रत्यारोपण गर्ने व्यवस्था गर्ने, तनहुँमा रहेको जीपी कोइराला श्वासप्रश्वास अस्पताललाई ३ सय बेडमा विस्तार गर्ने योजना रहेको उहाँले बताउनुभयो।

त्यसै गरी औषधि ऐन संशोधन गर्ने र औषधिको मूल्य समायोजन गर्ने विषयमा स्वास्थ्य मन्त्रालयले कार्यक्रम अघि सारेको स्वास्थ्य मन्त्री पौडेलले जानकारी गराउनुभयो। उहाँले सञ्चारकर्मीले राखेका जिज्ञासाको सम्बोधन गर्दै तीन तहको सरकार सेवाग्राहीको स्वास्थ्य सेवामा गुणस्तरमा जोड दिने गरी अघि बढ्ने बताउनुभयो।

# पहिरोले सडक बगाउँदा दुई सातादेखि यातायात अवरुद्ध

## तीन पालिकाका ५० हजार स्थानीय प्रभावित

चिरञ्जीवी मास्के, दोलखा

पहिरोले अवरुद्ध भएको दोलखा-सिंगटी सडक दुई सातादेखि चालू हुन नसक्दा दोलखाको उत्तरी क्षेत्रमा रहेका तीन गाउँपालिकाका बासिन्दा प्रभावित भएका छन्।

दोलखा-सिंगटी सडकको झर्मासी (गुमुखोला) खण्डमा साउन ३ गतेको पहिरोले आधाभन्दा बढी सडक बगाएपछि साउन १२ गतेदेखि उत्तरी क्षेत्रमा यातायात अवरुद्ध भएको स्थानीयले बताएका छन्। कालिञ्चोक गाउँपालिकाको ४ र ७ वडा जोड्ने झर्मासी खोला पुलसँगैबाट झन्डै दुई सय मिटर सडक आधाभन्दा बढी बगाएपछि उत्तरी क्षेत्रका तीन पालिकाका बासिन्दालाई आवतजावतमा समस्या भएको कालिञ्चोक गाउँपालिकाका उपप्रमुख कुलबहादुर बुढाथोकीले बताउनुभयो।

सडक मर्मतका लागि डिभिजन सडक कार्यालय चरिकोटले केही दिनअघि ठेक्कामार्फत् काम शुरू गरे पनि द्रुतगतिमा काम अघि नबढेकाले अझै केही साता यातायात चालू नहुने अवस्था रहेको छ। यातायात अवरुद्ध हुँदा तीन गाउँपालिकाका २२ वडाका झन्डै ५० हजार स्थानीय प्रभावित भएको र उत्तरी क्षेत्रका मुख्य व्यापारिक केन्द्र सिंगटी बजारको ढुवानी पूर्ण रूपमा ठप्प भएको दोलखा उद्योग वाणिज्य संघ सिंगटी शाखाका अध्यक्ष महेश श्रेष्ठले बताउनुभयो।

यातायात ठप्प भएपछि झर्मासी खोलाबाट खाद्यान्नलगायतका सामान बोकेर वारिपारि गर्नुपर्ने अवस्था रहेको र यसले मूल्य अस्वाभाविक रूपमा बढेर उपभोक्ताहरू मारमा परेको श्रेष्ठको भनाइ छ। डिभिजन सडक कार्यालय चरिकोटका इन्जिनियर भरत श्रेष्ठ सडक मर्मतका लागि कार्यालयले ठेक्कामार्फत् काम शुरू गरेकाले एक/डेढ हप्तामा अस्थायी रूपमा यातायात सञ्चालन गर्न सकिने बताउनुहुन्छ। उक्त क्षेत्रमा निकै जोखिम रहेकाले पूर्ण रूपमा सडक मर्मत गर्न भने लामै समय लाग्ने र त्यसका लागि थप अध्ययन गरी काम अघि बढाइने इन्जिनियर श्रेष्ठको भनाइ छ। कालिञ्चोक गाउँपालिकाका उपप्रमुख कुलबहादुर बुढाथोकी भने उक्त क्षेत्रमा निकै जोखिम रहेकाले अहिले अस्थायी रूपमा यातायात चालू गरेर स्थायी समाधानका लागि अर्को विकल्पको अध्ययन हुनुपर्ने बताउनुहुन्छ।

यसैबीच कालिञ्चोक गाउँपालिका-३ स्थित सिंगटी बजारको सडक खण्डमा माथिबाट पहिरो खसेकाले बजारसमेत जोखिममा रहेको स्थानीय बताउँछन्। अविरल वर्षा कायम रहेर थप पहिरो खस्यो भने सिंगटी बजारसँगै चीन सरकारको सहयोगमा बनेको कालिनाग मावि सिंगटीको भवन, सिंगटी अस्पताल र विद्युत्‌को हाइटेन्सन लाइनको तीनवटा टावरसमेत उच्च जोखिममा पर्ने कालिञ्चोक गाउँपालिकाका उपप्रमुख कुलबहादुर बुढाथोकी बताउनुहुन्छ।

जोखिमबारे डिभिजन सडक कार्यालयलगायतका सरोकारवाला निकायलाई जानकारी गराइएको तर चासो नदेखाएको उपप्रमुख बुढाथोकीको भनाइ छ। 'पालिकाले पहिरो नियन्त्रणको काम गर्न सम्भव छैन', उपप्रमुख बुढाथोकीले भन्नुभयो- 'यसका लागि डिभिजन सडक कार्यालय, माथिल्लो तामाकोशी आयोजनालगायतले चासो दिनुपर्छ।'

### चार...

यस्तै, हालका पदाधिकारीहरू सल्लाहकारको भूमिकामा रही विभागीय काम, अनुगमन, मूल्यांकन, स्कुलिङ, प्रशिक्षण गर्ने र तेस्रो तहका युवाहरूलाई कार्यकारी सांगठनिक नेतृत्व हस्तान्तरण गर्ने शर्माको प्रस्ताव छ। नयाँ परिस्थितिअनुसार रूपान्तरण र विकासको अर्थमा बुझ्ने चेतना अभिवृद्धि गर्न जरुरी रहेको भन्दै पुरानालाई सम्मान र नयाँलाई प्रोत्साहनको मान्यतामा रही नेतृत्व हस्तान्तरणका विकल्प प्रस्ताव गरेको बताउनुभएको छ।

बैठकमा पार्टीका अर्का उपमहासचिव वर्षमान पुनले तत्काल अध्यक्ष प्रचण्डको विकल्प खोज्ने अवस्था नभए पनि अबको नेतृत्व अविच्छिन्न हुन नहुने विचार राख्नुभएको थियो। उहाँले भन्नुभएको थियो- 'अबको नेतृत्व अविच्छिन्न हुनुहुँदैन। एक कार्यकाल वा दुई कार्यकालको व्यवस्था विधानमा राखौँ। अध्यक्षज्यूले जनयुद्धपूर्वदेखि शान्ति प्रक्रियासम्म अविच्छिन्न रूपमा ३५ वर्ष नेतृत्व लिने अवसर पाउनुभयो। अब त्यस्तो हुनुहुँदैन। अहिले नै नेतृत्वको विकल्प खोज्ने बेला आएको छैन। तर, कार्यकारी तोक्ने गरी विधानमै उल्लेख गर्नुपर्छ।'

माओवादी केन्द्रका एक केन्द्रीय सदस्यले नेता शर्माको प्रस्तावलाई पार्टी बैठकमा छलफल चलाउनुपर्ने धारणा व्यक्त गरे। उनले भने- 'पार्टी उपमहासचिवले ल्याएको विषयमा व्यापक छलफल गर्नुपर्ने हो। एकै जनाले आजीवन पार्टीको नेतृत्व गरिरहनुपर्छ भन्ने होइन। तर, वर्तमान अवस्थामा पार्टीको नेतृत्व गर्नेखालको नेता खासै देखिएको छैन।' माओवादी अध्यक्ष प्रचण्ड २०४२ सालमा मसालको महासचिव हुँदै हालसम्म पार्टी नेतृत्वमा हुनुहुन्छ।

### दुई...

निर्माण कार्य गर्दा तोकिएको सामान्य मापदण्ड पूरा नगरेमा समेत गरिवाना तिर्नुपर्ने व्यवस्था गरेको छ। सार्वजनिक सडक वा भवनको निर्माण गर्दा धुलो उड्ने गरी मर्मत गर्न नपाइने व्यवस्था गरेको छ।

नो इन्ट्री साइन नराखेको, निर्माण स्थलमा छेकबार नगरेको र भवन निर्माण गर्दा जाली नराखेकोलगायत निर्माण कार्य गर्दा मापदण्ड पूरा नगरेमा ५० हजारदेखि ५ लाख रुपियाँसम्म जरिवाना तोकेको छ। कामपाले स्वीकृत नलिई सडक तथा फुटपाथ खनेमा ५० देखि ५ लाख रुपियाँसम्म जरिवाना तोकेको छ।

### युवाहरु...

काठमाडौं महानगरपालिका कार्यालयमा भेट भएका बानेश्वर निवासी सुमन कार्की पनि सेवाग्राहीको चाहना र अपेक्षाप्रति कर्मचारी खासै संवेदनशील नहुने गरेको अनुभव सुनाउनुहुन्छ। अझ विदेशबाट घर बिदामा फर्किएका साथीहरू त सरकारी कार्यालयमा जान झ्याउन मान्छन्। अर्कोतर्फ एउटा काम गराउन पनि दिनभरि लाग्ने, तुरुन्तै काम नबन्ने प्रवृत्तिले गर्दा पनि दिक्क बनाएको उहाँको भनाइ छ।

ती युवाहरूले प्रशासनको उपर जीवनमा भोगेको अनुभवको आधारमा सरकारी कार्यालयमा जान नपाए पनि हुन्छ भन्ने सोच बनाएका छन्। 'किशोरकिशोर र युवावर्गमा सामान्यतया नियम, कानुन बुझेको हुँदैन। सरकारी काम भने प्रक्रियामा आधारित हुने गर्दछ। यसले गर्दा सरकारी काम अलि झन्झटिलो, मान्ने गर्छन्', अध्यागमन विभागमा कार्यरत उपसचिव अमरदीप सुनुवारले भन्नुभयो- 'काम गर्दा अलि तर्किने, ताकेता गर्नुपर्ने हुन्छ।'

त्यसले गर्दा उपसचिव सुनुवारका अनुसार युवाहरू आफ्नो समस्याको विषयमा प्रशासन गएर 'फेस' गर्ने बानी बसाल्नुपर्दछ। उहाँले भन्नुभयो- 'म फेस गर्छु भन्ने भावना हुनुपर्दछ। शुरू, शुरूमा अलि गाह्रो पनि होला। कार्यालयमा गएर नागरिक बडापत्र पढ्ने, त्यहीअनुसार कागजात मिलाउने, सम्बन्धित शाखा प्रमुखलाई भेटेर कुरा राख्नेजस्ता बानी बसाल्न सके आफैं गएर काम लिन सक्ने हुन्छन्।'

सरकारी कार्यालयमा समयमै काम हुँदैन भन्ने जनधारणाले पनि प्रशासनमा एक्लै जान नचाहने समस्या देखिएको सुनुवारको तर्क रहेको छ। यसलाई चिर्दै जानुपर्ने पनि उहाँको जोड रहेको छ।

अहिले हरेक सरकारी कार्यालयमा तोकिएको कामका लागि तोकिएको कागजात र लाग्ने समयावधि समेत उल्लेख गरी नागरिक बडापत्रको बोर्ड टाँगिएको हुन्छ। सम्बन्धित कार्यालयको वेभसाइट पनि त्यसबारे राख्ने गरेको छ, त्यसलाई एकचोटि पढेर व्यवहार गर्ने हो भने सेवा लिन सहज हुने ललितपुर महानगरपालिका-३ का वडाअध्यक्ष श्रीगोपाल महर्जनको भनाइ रहेको छ। अहिले ३ वडामा नागरिक बडापत्र मात्र नभई अपांगमैत्री बडापत्र र रोबर्ट बडापत्रको समेत प्रयोगमा ल्याइएको छ। जसले गर्दा दृष्टिविहीन सेवाग्राहीले समेत सुनेर काम लिन सक्ने स्थिति रहेको छ। अहिलेको डिजिटल तथा उच्च प्रविधियुक्त जमानामा यस किसिमको प्रयोगले पनि सेवाप्रवाहमा सहज बनाएको सेवाग्राहीहरूको भनाइ छ।

# कथासंग्रह सादृष्य विम्ब र नाटक लेखान्त लोकार्पित



काठमाडौं, (नेस)

साहित्यकार प्रहरी उपरीक्षक नवीनकिशोर प्रधानका दुई कृति कथासंग्रह सादृष्य विम्ब र नाटक लेखान्तको प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले शनिवार एक समारोहका बीच लोकार्पण गर्नुभयो।

अक्षरधाम प्रकाशन प्रालिले बजारमा ल्याएको उक्त कृतिले समसामयिक विषयलाई समेटेको छ। लामो समयदेखि साहित्य क्षेत्रमा लाग्दै आउनुभएका साहित्यकार प्रधानले लोक, आधुनिक, पप र नेपाली चलचित्रका दर्जनौं गीत सिर्जना गर्नुभएको छ।

साहित्यकार प्रधानका कृति लेखान्त नाटकको बारेमा साहित्यकार डा. भक्त राईले समीक्षात्मक टिप्पणी गर्नुभएको थियो। कथासंग्रह सादृष्य विम्बका बारेमा प्राज्ञ डा. मधुसूदन गिरीले टिप्पणी गर्नुभएको थियो।

उक्त कृति विमोचनपछि प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरीका सदस्यहरू साहित्य सिर्जना गरेर नेपाली साहित्यमा टेवा दिने प्रयास गरेको बताउनुभयो। उहाँले प्रहरी कर्मचारी बन्दुक र लाठी मात्रै बोक्दैनन् भन्ने उदाहरण कृतिकार प्रधानले पुष्टि गरेको बताउनुभयो।


**नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेडको**
**विशेष साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशन मिति : २०८१/०४/२८

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेडको मिति २०८१/०४/२५ गतेको दिन संचालक समितिको बैठक बसी उक्त बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ भाद्र १३ गते

समय : बिहान १०:०० बजे

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, बालुवाटार, काठमाडौं ।

**विशेष साधारण सभाका प्रस्तावहरु :**

क) **विशेष प्रस्ताव :**

१. कम्पनीको ठेगाना परिवर्तन गर्नका लागि प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ संसोधन गर्ने सम्बन्धमा ।

ख) **विविध ।**

**संचालक समितिको आज्ञाले,**
**संचालक समितिको अध्यक्ष**



## परशुराम नगरपालिका

नगरपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम, प्रदेश, नेपाल

**करारमा नियुक्ति सम्बन्धी सूचना**

मिति : २०८१/०४/२८

यस परशुराम नगरपालिकाको विभिन्न सेवा समूहमा कर्मचारी अप्रयाप्त भएको हुँदा आ.व. २०७९/८० र २०८०/८१ मा लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगहरुले प्रकाशित गरेको विज्ञापनको सूचनामा वैकल्पिक तथा अस्थायी सूचिमा भएका तपशिलका सेवा समूहका उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न अनुसारको कागजात सहित निवेदन यस कार्यालयको इमेल ठेगाना www. parshurammum@gmail.com का पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै सेवा सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

तपसिल

| क्र.सं. | सेवा | समूह | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | इन्जिनियरिङ्ग | सिभिल | स.इ. | पाँचौ | १ जना | |
| २ | इन्जिनियरिङ्ग | सिभिल | अ.स.इ. | चौथो | १ जना | |
| ३. | प्रशासन | सामान्य प्रशासन | सहायकस्तर | चौथो | ४ जना | |
| ४. | स्वास्थ्य | जनरल नर्सिङ्ग | स्टाफ नर्स | पाँचौ | १ जना | |
| ५. | स्वास्थ्य | पब्लिक हेल्थ नर्सिङ्ग | अ.न.मी. | चौथो | ५ जना | |

**पेश गर्नुपर्ने आवश्यक कागजात**

१. निवेदन
२. शैक्षिक योग्यताको प्रमाणपत्र
३. नतिजा प्रकाशन सूची
४. प्रवेशपत्रको प्रतिलिपि



## Chirkhwa Hydropower Limited

Ghattekulo-29, Kathmandu, Nepal

**Unaudited Statement of Financial Position**

Amount in NRs.

| Particulars | This Quarter Ending on Ashadh, 2081 (Unaudited) | Previous Quarter Ending on Chaitra, 2080 (Unaudited) | Corresponding Previous Year Quarter Ending on Ashadh, 2080 (Unaudited) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non- Current Assets:** | | | |
| Property, Plant & Equipment | 1,438,336 | 43,146,438 | 42,634,111 |
| Project Assets | 1,081,768,193 | - | - |
| Capital WIP | - | 1,032,678,824 | 917,834,391 |
| Investment | 50,000 | 50,000 | 50,000 |
| **Total Non- Current Assets** | **1,083,256,529** | **1,075,875,262** | **960,518,502** |
| **Current Assets** | | | |
| Cash & Cash Equivalents | 385,454 | 148,063 | 20,595,852 |
| Trade Receivables | 11,026,566 | - | - |
| Loans and Advances | 30,965,106 | 32,266,067 | 25,537,845 |
| Other Current Assets | 6,413,311 | 6,413,311 | 6,098,311 |
| **Total Current Assets** | **48,790,437** | **38,827,441** | **52,232,008** |
| **Total Assets** | **1,132,046,966** | **1,114,702,703** | **1,012,750,510** |
| **Equity** | | | |
| **Share Holder's Fund** | | | |
| Share Capital | 400,000,000 | 400,000,000 | 280,000,000 |
| Retained Earnings | (7,325,572) | (4,705,654) | 14,267 |
| **Total Equity** | **392,674,428** | **395,294,346** | **280,014,267** |
| **Liabilities** | | | |
| Non-Current Liabilities | | | |
| Long Term Loan | 550,518,440 | 547,935,090 | 547,663,090 |
| **Total Non-Current Liabilities** | **550,518,440** | **547,935,090** | **547,663,090** |
| **Current Liabilities:** | | | |
| Short Term Liabilities | 66,398,790 | 64,099,990 | 116,000,000 |
| Duties and Taxes | 1,447,682 | 1,122,727 | 2,502,681 |
| Trade & Other Payables | 121,007,626 | 106,250,550 | 66,570,472 |
| **Total Current Liabilities** | **188,854,098** | **171,473,267** | **185,073,153** |
| **Total Liabilities** | **739,372,538** | **719,408,357** | **732,736,243** |
| **Total Equity and Liabilities** | **1,132,046,966** | **1,114,702,703** | **1,012,750,510** |

**Unaudited Statement of Profit or Loss**

Amount in NRs.

| Particulars | " From 1st Shrawan 2080 to 31st Ashadh 2081 " | From 1st Shrawan, 2080 to 30th Chaitra 2080 (Previous Quarter) | From 1st Shrawan 2079 to 31st Ashad 2080 (Previous Year Corresponding Quarter) |
|---|---|---|---|
| Revenue from Operation | 11,315,136 | - | - |
| Less: Cost of Sales | 765,335 | - | - |
| **Gross Income** | **10,549,801** | - | - |
| Add: Other Income | - | - | - |
| **Total Income** | **10,549,801** | - | - |
| Employee Benefit Expenses | 922,360 | 514,270 | - |
| Administrative Expenses | 2,277,180 | 726,826 | - |
| Depreciation & Amortization Expenses | 4,856,964 | - | - |
| **Total Expenses** | **8,056,504** | **1,241,096** | - |
| **Profit before Interest and Tax** | **2,493,297** | **(1,241,096)** | - |
| Finance Costs | 6,354,312 | - | - |
| **Profit before Tax** | **(3,861,015)** | **(1,241,096)** | - |
| Provision for Income Tax | - | - | - |
| Deferred Tax | - | - | - |
| **Net Profit for the Year** | **(3,861,015)** | **(1,241,096)** | - |

**Ratios from Unaudited Financial Statements**

Amount in NRs.

| Particulars | This Quarter Ending Ashadh, 2081 (Unaudited) | Previous Quarter Ending Chaitra, 2080 (Unaudited) | Corresponding Previous Year Quarter Ending Ashadh, 2080 (Unaudited) |
|---|---|---|---|
| Earning | (3,861,015) | (1,241,096) | - |
| No of Shares | 4,000,000 | 4,000,000 | 2,800,000 |
| Earning per Share | (0.97) | (0.31) | - |
| Market Value per Share | 606.70 | 541.10 | - |
| Earnings per Share | (0.97) | (0.31) | - |
| P/E Ratio | (628.54) | (1,743.94) | NA |
| Total Net Worth | 392,674,428 | 395,294,346 | 280,014,267 |
| No of Shares | 4,000,000 | 4,000,000.00 | 2,800,000.00 |
| Net Worth per Share | 98.17 | 98.82 | 100.01 |
| Total Assets | 1,132,046,966 | 1,114,702,703 | 1,012,750,510 |
| No of Shares | 4,000,000 | 4,000,000.00 | 2,800,000.00 |
| Total Assets per Share | 283.01 | 278.68 | 361.70 |
| Current Assets | 48,790,437 | 38,827,441 | 52,232,008 |
| Current Liabilities | 188,854,098 | 171,473,267 | 185,073,153 |
| Current Ratio | 0.26 | 0.23 | 0.28 |

**धितोपत्र तथा निस्कासन नियमावली २०७३ अनुसूची १४**
**(नियम २६ को उपनियम १ साग सम्बन्धित)**
**आ.व. ०८०/८१ को चौथो त्रैमासिक विवरण**

१. **वित्तिय विवरण :**

क) आ.व. २०८०/०८१ को चौथो त्रैमासिक अपरिष्कृत विवरण (वासलात तथा नाफा नोक्सान हिसाब) व्यवस्थापनद्वारा तयार गरी यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ ।

ख) प्रमुख वित्तिय अनुपातहरु निम्नाअनुसार रहेको छ :

| प्रति शेयर आम्दानी | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | मुल्य आम्दानी अनुपात | तरलता अनुपात |
|---|---|---|---|---|
| (०.९७) | ९८.१७ | २८३.०१ | (६२८.५४) | ०.२६ |

२. **व्यवस्थापकीय विश्लेषण :**

क) यस कम्पनीको माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनाको विद्युत मिति २०८१/२/२० गतेबाट विक्री शुरु भएको ।

ख) यस त्रैमासिक अवधि सम्ममा कम्पनीको अन्य नयाँ व्यवसायिक योजनाहरु नरहेको ।

ग) कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था जानकारीमा नरहेको ।

३. **कानुनी कारबाही सम्बन्धि विवरण :**

यस त्रैमासिक अवधिमा कम्पनीले र कम्पनी विरुद्ध कुनैपनि मुद्दा दायर भएको छैन साथै उक्त अवधिमा कम्पनीका संस्थापक वा संचालकले र संस्थापक वा संचालकका विरुद्ध प्रचलित नियमको अवज्ञा, फौजदारी अपराध तथा आर्थिक अपराध सम्बन्धि कुनै पनि मुद्दा दायर भएको जानकारी छैन ।

४. **कम्पनीको शेयर कारोबार सम्बन्धि विश्लेषण :**

धितोपत्र बजारमा संस्थाको शेयर कारोवार, शेयर कारोवारको सामान्य सिद्धान्त र नियमानुसार नै भएको हुँदा संस्थाको कुनै विशेष धारणा नरहेको । यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या नेपाल स्टक एक्सचेनज लि. को वेबसाइट बमोजिम निम्नानुसार रहेको :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार कुल दिन | कारोवार संख्या | कारोबार रकम |
|---|---|---|---|---|---|
| ६४०/०० | ४९०/०० | ६०६/७० | ६१ दिन | ७७९०५० | ४४,२६,१६,२४१.६० |

५. **समस्या तथा चुनौती :**

संस्थाले बहन गर्नुपर्ने आन्तरिक समस्या तथा चुनौती नरहेको र बाह्य चुनौतीहरुमा परियोजना स्थलमा प्राकृतिक बिपत्ति जस्तै बाढी पहिरो तथा भूकम्प रहेता पनि यस अवधिसम्ममा उक्त बिपत्तिहरुले आयोजनालाई असर पारेको छैन ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा नियम कानुनको पालना तथा लेखा परीक्षकबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्न यथेष्ट कदमहरु चालेको छ ।

७. **सत्य तथ्य सम्बन्धमा अध्यक्षको उद्घोष :**

आजका मिति सम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना जानकारीहरु लुकाइएको छैन ।

**संचालक अध्यक्ष**

# पेरिस म्याराथनमा सन्तोषीलाई ७९ औं स्थान




**नेपाल समाचारपत्र, काठमाडौं**

नेपालकी सन्तोषी श्रेष्ठ पेरिस ओलम्पिक २०२४अन्तर्गत महिला म्याराथन पूरा गर्ने क्रममा आइतबार ७९ औं स्थानमा रहिन्। विभिन्न राष्ट्रका ९१ खेलाडी सहभागी म्याराथनमा ८० जनाले मात्र निर्धारित दूरी ४२.१९५ किलोमिटर पूरा गरे। ११ प्रतिस्पर्धीले दौड नै पूरा गर्न सकेनन्।

सन्तोषीले निर्धारित दूरी २ घण्टा ५५ मिनेट ०६ सेकेन्डमा पूरा गरिन्। सन्तोषी पछि दौड पूरा गर्नेमा भुटानकी किन्जाङ ल्हामु रहिन्। किन्जाङलाई दौड पूरा गर्न ३ घण्टा ५२ मिनेट ५९ सेकेन्ड समय लागेको थियो।

सन्तोषीको ब्यात्तिगत उत्कृष्ट टाइमिङ भने २ घण्टा ४६ मिनेट २३ सेकेन्ड हो, जुन महिला म्याराथनमा नेपालको कीर्तिमानी समय पनि हो। सन्तोषीले उक्त कीर्तिमान बंगलादेशको ढाकामा गत जनवरीमा भएको शेख मुजिब रहमान बंगबन्धु म्याराथन (दक्षिण एसियाली स्तरीय) मा बनाएकी थिइन्।

बंगबन्धु म्याराथन सन्तोषीको 'डेब्यु' अन्तर्राष्ट्रिय म्याराथन थियो। उक्त म्याराथनमा सन्तोषीले स्वर्ण जितेकी थिइन्। सुरुमा ५ हजार र १० हजार मिटर दौडमा प्रतिस्पर्धा गर्ने सन्तोषी हाफ म्याराथन हुँदै फुल म्याराथनमा दौड्न थालेकी हुन्।

पेरिस ओलम्पिकको म्याराथन सन्तोषीको दोश्रो अन्तर्राष्ट्रिय प्रतियोगिता हो। ३१ वर्षीया सन्तोषी नेपालमै सन् २०१९ मा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) को १० हजार मिटर दौडकी स्वर्ण विजता हुन्। उनले चीनको हाङझावमा भएको १९ औं एसियाली खेलकुदमा पनि सहभागिता जनाएकी थिइन्।

नेडरल्यान्ड्सकी सिफान हसनले ओलम्पिक रेकर्डसहित स्वर्ण जितिन्। सबै प्रतिद्वन्द्वीलाई उछिन्ने क्रममा सिफानले २ घण्टा २२ मिनेट ५५ सेकेन्डमा दूरी तय गरेकी थिइन्। उनले इथोपियाकी टिकी गेलानाको नाममा रहेको २ घण्टा २३ मिनेट ०७ सकेन्डको ओलम्पिक रेकर्ड तोडिन्। इथोपियाकी टिग्स्ट असेफा दोश्रो तथा केन्याकी हेलेन ओबिरी तेश्रो बने।

पेरिस ओलम्पिक्समा नेपालबाट ६ खेलमा ७ खेलाडी सहभागी भएका हुन्। यसअघि ६ खेलाडी प्रारम्भिक चरणबाटै बाहिरिसकेका थिए। टेबलटेनिसमा श्यान्टु श्रेष्ठ, ब्याडमिन्टनमा प्रिन्स दाहाल, शूटिङमा सुस्मिता नेपाल, पौडीमा एलेक्जेन्डर शाह र डुवाना लामा तथा जुडोमा मनीता श्रेष्ठ प्रधानले नेपालको चुनौती प्रस्तुत गरेका थिए।

यीमध्ये एलेक्जेन्डरले पुरुष १ सय मिटर फ्रिस्टायलमा ५१.९१ सेकेन्डको प्रदर्शन गर्दै आफ्नै नाममा रहेको ५२.१७ सेकेन्डको कीर्तिमानमा सुधार गरे। पेरिस ओलम्पिकमा श्यान्टु मात्र छनोट चरण पार गर्दै सहभागी भएका हुन्। बाँकीले विभिन्न कोटामार्फत ओलम्पिक सहभागिता पक्का गरेका थिए।

टेबल टेनिस र ब्याडमिन्टनमा नेपालले पहिलोपटक ओलम्पिक्समा सहभागिता जनाएका हो। नेपालले सन् १९६४ को टोकियो ओलम्पिक्सदेखि १९६८ को मेक्सिको सिटी ओलम्पिकबाहेक सबै ओलम्पिक्समा सहभागिता जनाउदै आएको छ।

# टेबल टेनिसका पदक विजेता सम्मानित

**नेपाल समाचारपत्र, ललितपुर**




आइतबार सम्मान गरिएको छ। हालै पोखरामा भएको अन्तरप्रदेश प्रतियोगिता तथा श्रीलंकाको क्यान्डीमा भएको साउथ एसियन युथ टेबल टेनिस च्याम्पियनसिपमा पदक विजेता खेलाडीलाई सम्मान गरिएको हो। ललितपुर जिल्ला टेबुल टेनिस संघद्वारा आयोजित उक्त कार्यक्रममा नव नियुक्त खेलकुद मन्त्री तेजुलाल चौधरीलाई पनि बधाई दिइएको थियो। साथै वागमती प्रदेशका नवनियुक्त खेलकुद मन्त्री मीनकृष्ण महर्जनलाई पबधाई दिइएको थियो। कार्यक्रममा ललितपुर जिल्ला टेबुल टेनिस संघका संयोजक संजू अवाले, राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठको पनि उपस्थित रहेको थियो।

# काभा भलिबलमा दोस्रो भएका खेलाडी सम्मानित

**नेपाल समाचारपत्र, ललितपुर**

सैबु भलिबल क्लबले भलिबल खेलका राष्ट्रिय टिमका कप्तान मानबहादुर श्रेष्ठ र दिलबहादुर सुनारलाई सम्मान गरेको छ। भुटानको थिम्पुमा यही अगसटमा सम्पन्न सेन्ट्रल जोन एशियन भलिबल एसोसिसन (काभा) वीच भलिबलमा दुबै खेलाडी दोस्रो भएका हुन्।

सो प्रतियोगितामा माल्दिभ्सका खेलाडीले पहिलो स्थान हासिल गरेका थिए। क्लबका अध्यक्ष धिरज कुँबरले सम्मानपत्र प्रदान गरेका थिए। सम्मान कार्यक्रममा क्लबका उपाध्यक्ष एवं सैंबु ब्याडमिन्टन सर्कलका अध्यक्ष मिलन थापा, समाजसेवी हरिकुमार थापा, सर्कलका बरिष्ठ सदस्य गोपालराम पौडेलले श्रेष्ठ र सुनारलाई सम्मान गरेका थिए। श्रेष्ठ क्लबका कार्यकारी सदस्य हुन।

सम्मान कार्यक्रममा बोल्दै श्रेष्ठले सम्मानले भर्खरै खेलिरहेका खेलाडीलाई समेत प्रोत्साहन मिल्ने बताए। खेलकुदलाई कसरी अघि बढाउने र यस स्थानलाई परिचय गराउने भन्ने विषयमा गहन छलफल गर्नुपर्ने बताए।



## टिम खेलमा ओलम्पिक्स नतिजाहरू

(पुरुषतर्फ)

| खेल | गोल्ड | सिल्भर | ब्रन्ज |
|---|---|---|---|
| फुटबल | स्पेन | फ्रान्स | मोरोक्को |
| बास्केटबल | अमेरिका | फ्रान्स | सर्बिया |
| बास्केटबल ३x३ | नेदरल्यान्ड्स | फ्रान्स | लिथुआनिया |
| भलिबल | फ्रान्स | पोल्यान्ड | अमेरिका |
| बीच भलिबल | स्विडेन | जर्मनी | नर्वे |
| हकी | नेदरल्यान्ड्स | जर्मनी | भारत |
| वाटरपोलो | सर्बिया | क्रोएसिया | अमेरिका |
| रग्बी सेभेन | फ्रान्स | फिजी | दक्षिण अफ्रिका |

(महिलातर्फ)

| खेल | गोल्ड | सिल्भर | ब्रन्ज |
|---|---|---|---|
| फुटबल | अमेरिका | ब्राजिल | जर्मनी |
| बास्केटबल | अमेरिका | फ्रान्स | अस्ट्रेलिया |
| बास्केटबल ३x३ | जर्मनी | स्पेन | अमेरिका |
| भलिबल | इटाली | अमेरिका | ब्राजिल |
| बीच भलिबल | ब्राजिल | क्यानडा | स्विट्जरल्यान्ड |
| हकी | नेदरल्यान्ड्स | चीन | अर्जेन्टिना |
| वाटरपोलो | स्पेन | अस्ट्रेलिया | नेदरल्यान्ड्स |
| रग्बी सेभेन | न्युजिल्यान्ड | क्यानडा | अमेरिका |

**ब्लड डोनर्स एशोसिएशन नेपाल (ब्लोदान)**

**सत्ताइसौं वार्षिक साधारण सभा तथा एघारौं अधिवेशनको सूचना**

यस एशोसिएशनको सत्ताइसौं वार्षिक साधारण सभा तथा एघारौं अधिवेशन निम्न मिति, समय र स्थानमा हुन गइरहेको सम्बन्धित सबैको जानकारीको लागि संस्थाको विधानको दफा १० (ख) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**मिति : २०८१ भाद्र १५ गते, शनिबार**
**समय : बिहान १०:३० बजे**
**स्थान : नेपाः ब्याङक्वेट, लिङ्गरोड, खुसिबुँ (सोन्हखुट्टेबाट ढल्को जाने बाटो)**

**कार्यक्रम** :
क) उद्घाटन सत्र
ख) बन्द सत्र
१) महासचिव तथा कोषाध्यक्षको प्रतिवेदनमाथि छलफल तथा सोको अनुमोदन
२) लेखा परिक्षकको नियुक्ति
ग) नयाँ कार्यसमिति चयन

**पुनश्च** : सभामा सहभागी हुने केन्द्रीय पार्षदहरूले अनिवार्य रूपमा सदस्य संस्थाको आधिकारिक पत्रसहित कार्यक्रममा उपस्थित हुन अनुरोध छ । साथै सभामा प्रतिनिधि हुन इच्छुक आजीवन सदस्यहरूले केन्द्रीय कार्यसमितिको सचिवालयमा सम्पर्क राखी प्रतिनिधि शुल्क बुझाउनु हुन अनुरोध छ ।

**सम्पर्क : केशव महर्जन, महासचिव - ९८५१०७००७८**
**विष्णुराज श्रेष्ठ, सचिव - ९८५१०८२३०७**
**पुरुषोत्तम खत्री, सचिव - ९८५१०६८८९१**


# अर्शद र निरजको उदाहरणीय 'स्पोर्ट्सम्यानसिप'

■ **कविरस शर्मा**

सन १९४७ को अगस्त १४ मा पाकिस्तान र अगस्त १५ मा भारत नयाँ र स्वतन्त्र मुलुकको रुपमा अस्तित्वमा आउने क्रममा धार्मिक नरसंहार भएको थियो। त्यसपछि पनि पटक-पटक भएका युद्धले यी दुई देशका नागरिकबीच वैरी मानसिकता रहँदै आएको छ। दुवै देशबीच यस्तो तिक्तता हुनु पछाडिको कारण राजनीति नै हो। तर, यसको असर खेलकुदमा पनि देख्न पाइन्छ। दक्षिण एसियाका दुई छिमेकी राष्ट्रबीच हुने कुनै पनि खेल प्रतिस्पर्धालाई खेलकै रुपमा मात्र लिइने गरिँदैन। किनभने यी दुई राष्ट्रका खेलाडीहरु आमने सामने हुँदा पानी बाराबारको स्थिति सिर्जना हुन्छ। मरिमेटर एकअर्कालाई हराउने होडबाजी नै चल्छ।

यी दुई देशका खेलाडीले खेलको नियम पालना गरेपनि खेल मैदानमा युद्ध नै लडिरहेको पो हो की भन्ने झल्को दिने गर्छ। हार र जितको महत्व त यत्ति धेरै हुन्छ की महिना दिनसम्म पनि जित्ने टोलीको प्रसंशा र हार्ने टोलीको आलोचना गरेर मिडिया थाक्दैन। धेरैजसो क्रिकेट खेलमा यस्तो रस्साकसी देखिने गरेपनि अन्य खेल पनि यस्तो संस्कारबाट अछूटो भने छैन। हक्की, फुटबल होस वा दौड, यी दुई राष्ट्रका खेलाडीमध्ये एकले अर्कोलाई हराउँदा युद्ध नै जितेसरी उत्सव मनाउने गरेको श्रब्यदृश्य मिडियाले ब्यापक प्रचार गर्छ। यस विषयमा धेरै फिल्महरु पनि छायांकन गरिएका छन।

यसरी विगत लामो समयदेखि वैरभावको सिलसिला चल्दै आएपनि गत हप्ता यी दुवै देशका खेलाडीले विश्व खेलमञ्चमार्फत मित्रताको बेजोड नमूना प्रस्तुत गरे। २०२४ अगस्त ९ का दिन पेरिस ओलम्पिकको ट्र्याक एण्ड फिल्ड अन्तर्गत ज्याभलीन थ्रो को गोल्ड मेडलका प्रमुख दावेदारका रुपमा पाकिस्तानी खेलाडी अर्शद नदिम र भारतका निरज चोपडाबीच कडा प्रतिस्पर्धा भएको थियो।



निरज उनै खेलाडी हुन जसले गत टोकियो ओलम्पिक २०२० मा स्वर्ण पदक जितेका थिए। यसपटक पनि उनलाई स्वर्णका प्रबल दावेदार मानिएका थिए। उनले आफ्नो साख अनुसार ८९.४५ मिटर ज्याभलीन थ्रो पनि गरे। तर, निरजको उक्त चुनौतीलाई अर्शदले ९२.९७ मिटर टाढा ज्याभलीन फालेर उछिने। अर्शदले नयाँ ओलम्पिक रेकर्डसहित स्वर्णमा आफ्नो नाम लेखाए। ओलम्पिक इतिहासमै पाकिस्तानले व्यक्तिगत विधातर्फ स्वर्ण जितेको यो पहिलो पटक हो। अर्शदको यो थ्रो अहिले ओलम्पिक इतिहासको नै सर्वाधिक लामो थ्रो बनेको छ।

यसअघि सन् २००८ को बेइजिङ ओलम्पिकमा नेदरल्याण्ड्सका एन्ड्रियास थोरकिल्डसेनले ९०.५७ मिटरको थ्रो गर्दै कीतिमान बनाएका थिए। पाकिस्तानले ओलम्पिक इतिहासमा जितेको यो चौथो स्वर्ण हो। पाकिस्तानले ओलम्पिकमा स्वर्ण जितेको यो ४० वर्षयताकै पहिलो हो। यसअघि पाकिस्तानले सन् १९६०, १९६८ र १९८४ मा पुरुष हक्कीमा स्वर्ण पदक जितेको थियो।

उक्त कुरा हार जितमा मात्र सिमित थिएन। धेरैजसोको अनुमान भन्दा विपरीत दृश्य देखियो। मेडल थाप्न कांस्य जित्ने ग्रेनाडाका एन्डसन पिटर्ससहित जब तीनैजना पोडियममा उभिए, तब ओलम्पिक जस्तो खेल महाकुम्भमा दक्षिण एसियाली खेलकुदका सदस्य राष्ट्र पाकिस्तान र भारत क्रमश: पहिलो र दोस्रो स्थान देखिनु दक्षिण एसियाली नागरिकका लागि पनि गर्वकै विषय थियो।

त्यतिमात्र होईन, एकअर्काको दुश्मन कहलिएका भारतीय र पाकिस्तानी खेलाडीले एकअर्कालाई गरेको इज्जत र उदारता तारीफायोग्य थियो। दुवैले एक-अर्कालाई अंगालो हालेर बधाई दिनुदेखि साथ-साथ सेल्फी लिनु जस्तो मित्रवत ब्यवहारले दुवै देशको जनतामा सकारात्मक सन्देश प्रवाह भयो। त्यति मात्र होइन, निरजकी आमा सरोज देवीले पनि अर्शद आफ्नै छोरा जस्तो हो र गोल्ड जितेप्रति आफु निकै खुसी भएको अभिब्यक्तिले सबैको मन जितेको छ। अर्कोतिर अर्शदको बुबाले पनि एउटा अन्तर्वार्तामा छिमेकी हुनुको यो एउटा ठूलो प्रेरणा हो र निरजले टोकियो ओलम्पिकमा स्वर्ण पदक ल्याएपछि अर्शदले गाउँमा निरजको बारेमा दिनभर कुरा गर्ने गरेको र यही प्रेरणाको परिणाम अहिले बाहिर आएको बताएका थिए।

पाकिस्तानी अर्शद र भारतीय निरजले एकअर्कालाई गरेको सम्मान र सदभावले वर्षौ अघिदेखिको वैरी सोचलाई नै परिवर्तन गरेको छ। जुन आउँदै गरेको दुवै देशको स्वतन्त्रता दिवसका लागि नयाँ आयाम समेत बन्नेछ। कुनैपर्ने हुन्छ यो हेर्नलाई कि अर्शद र निरजको भाइचाराले आगामी दिनमा यी दुई राष्ट्रका खेलाडीबीच विगतका घाउमा मलम लगाउन कति सफल हुने हो भनेर। आशा गरौं २०६ राष्ट्र सम्मिलित पेरिस ओलम्पिक २०२४ जस्तो खेल महाकुम्भमा यी दुई छिमेकी राष्ट्रले देखाएको 'स्पोर्ट्सम्यानसिप' सबैको लागि उदाहरणीय बन्ने छ भनेर।

## अर्शदको खेल करिअर

- **गोल्ड**
  २०२४ पेरिस ओलम्पिक्स
- **सिल्भर**
  वर्ल्ड एथ्लेटिक्स च्याम्पियनशिप २०२३, बुडापेस्ट
- **गोल्ड**
  कमनवेल्थ गेम्स २०२२, बर्मिङ्घम
- **गोल्ड**
  इस्लामिक सोलिडारिटि गेम्स २०२१, कोन्या
- **गोल्ड**
  साउथ एसियन गेम्स २०१९, काठमाण्डौ
- **ब्रोन्ज**
  इस्लामिक सोलिडारिटि गेम्स २०१७, बाकू
- **ब्रोन्ज**
  एसियन गेम्स २०१८, जाकार्ता
- **ब्रोन्ज**
  साउथ एसियन गेम्स २०१६, गुवाहाटी र शिलोंग
- **ब्रोन्ज**
  एसियन जुनियर एथ्लेटिक्स च्याम्पियनशिप २०१६, हो चि मिन्ह सिटी

# शेयर बजारको सम्पत्ति र कारोबारमा रेकर्ड

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा आइतबार हालसम्मकै उच्च कारोबार भएको छ। यसदिन २५ अर्ब ७७ करोड ९४ लाख ५३ लाख रुपियाँको कारोबार भएको छ। यसअघि साउन २२ गत २३ अर्ब ७१ करोडको कारोबार भएको थियो।

६ करोड ३ लाख २१ हजार कित्ता शेयर कारोबार यसदिन परिसूचकले ९४ दशमलव ५३ अंकले बढेर २८६० दशमलव ९१ विन्दुमा पुगेको छ। आइतबार परिसूचक बढेसँगै बजार पुँजीकरणमा पनि नयाँ रेकर्ड कायम भएको छ। आइतबार कुल बजार पुँजीकरण ४५ खर्ब ४१ अर्ब पुगेको छ। यसअघि ४४ खर्ब ६८ अर्बसम्म बजार पुँजीकरण पुगेको थियो।

कारोबारमा आएका १३ वटै उपसमूहको परिसूचक सकारात्मक देखिएको छ। जसमा माइक्रोफाइनान्स, लाइफ इन्स्योरेन्स र इन्भेष्टमेन्ट समूहको सूचक ४ प्रतिशतभन्दा धेरैले बढेको छ।

शेयरमूल्य १० प्रतिशतले बढेको छ भने १७ कम्पनीको शेयरमूल्य सर्किट लेवलमा कारोबार भएको छ। नेसनल हाइड्रोपावर, नेरुडे मिर्मिरे लघुवित्त, एचआईडीसीएल, खानीखोला हाइड्रोपावर, आँखुखोला जलविद्युत्, माथिल्लो तामाकोशी, शुभम् पावर, आत्मनिर्भर लघुवित्त, मिडसोलु हाइड्रोपावर, युनाइटेड इदी मर्दी, सिंगटी हाइड्रोपावर, रिडी पावर, अरुणभ्याली हाइड्रोपावर, एनआईसी एसिया लघुवित्त, हिमाल दोलखा हाइड्रोपावर, अरुण काबेली पावर तथा शिवश्री हाइड्रोपावरको मूल्य १० प्रतिशत बढेको हो।

त्यस्तै, कुथली बुखरी हाइड्रोपावरको शेयरमूल्य सबैभन्दा धेरै १० प्रतिशतले घटेको छ भने युनिलिभर नेपालको ३.८५ प्रतिशत र ओरियन्टल होटलको २.४८ प्रतिशतले घटेको छ। आइतबार २२५ कम्पनीको मूल्य बढ्दा १५ कम्पनीको शेयर भने घटेको छ। आज २ कम्पनी सेयर स्थिर छ। हिमालयन रिइन्स्योरेन्सको सबैभन्दा धेरै १ अर्ब ५२ करोडको शेयर कारोबार भएको छ भने शिवम् सिमेन्टको १ अर्ब १६ करोड र नेपाल इन्फ्रास्टक्चर डेभलपमेन्ट बैंकको ६८ करोडको कारोबार भएको छ।

# ‘अर्थतन्त्रमा खासै सुधार छैन’

**नेपाल समाचारपत्र, काठमाडौं**

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेलले अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार देखिए पनि खासै सुधार नभएको बताउनुभएको छ। नेपाली कांग्रेसका केन्द्रीय समिति पोखरेलले केन्द्रीय समितिको बैठकमा आफ्नो विचार राख्दै सो कुरा बताउनुभएको हो।

उहाँले वैदेशिक मुद्राको सञ्चितिमा एक वर्षको आयात धान्न सक्ने अवस्थामा छ। शोधानान्तर अवस्था बचतमा रहेको छ। विप्रेषण बढेको छ। पर्यटन क्षेत्र विस्तारै फस्टाउँदै छ। ऋणको ब्याजदर घटेको छ। औसतमा १०.१५ प्रतिशतभन्दा कम हुँदैछ। औसत मुद्रास्फीति ६ प्रतिशतभन्दा कम नै छ। तर, खाद्यान्नको मूल्य आकासिएकाले न्यून आय भएको वर्ग र समुदायलाई अप्ठ्यारो परेकाले अर्थतन्त्रमा खासै सुधार आएको छैन। बरु सबल भनिएको बैंकिङ क्षेत्रमा जोखिम बढ्दै गएको बताउनुभयो

बैंकहरूको नन्पफर्मिङ एसेटको तथ्यांक ३.५ प्रतिशत छ बैंकको नाफा बढे पनि सोहीअनुसारको लाभांश बाड्ने अवस्था नहुनु भनेको कतै समस्या अवस्य रहेको बताउनुभयो। बैंकमा खुद ऋण दिन सकिने रकम साढे ४ खर्बभन्दा बढी छ। तर, बढ्दो कालोसूची र न्यून लगानी वातावरणले गर्दा बैंकिङ क्षेत्रबाट कर्जा प्रवाह हुन सकेको छैन भने खराब कर्जा बढ्दो रहेको बताउनुभयो।

उहाँले अगाडि भन्नुभयो, ‘नेपालको अर्थतन्त्र वास्तवमै अतिन्यून बचत र लगानी, न्यून आर्थिक वृद्धि, न्यून रोजगारीसहितका दीर्घकालीन संरचनात्मक समस्याबाट माथि उठ्न सकेको छैन। अर्थतन्त्रको तेस्रो खम्बा भनिएको सहकारी दलदलमा फसेको छ। बाह्य क्षेत्रमा अल्पकालीन सुधार भए पनि खुम्चिँदो निर्यात र नगन्य वैदेशिक लगानीका कारणले यस क्षेत्रलाई दीर्घकालीन र स्थायीरूपमा सुधार गर्न आवश्यक छ। कानुनी झन्झटिलो लगानी प्रक्रिया, कर, पूर्वाधार कार्यान्वयनमा भएका अड्चनसहितका सबै अवरोध हटाई व्यवहारिकरूपमा लगानी आकर्षण हुने वातावरण बनाउन अत्यावश्यक छ। यसबाट न अथर्ततन्त्र चलायमान हुन्छ न विकास।’

उहाँले चालू खर्चलाई राजस्वले धान्न नसकेको तथा कतिपय विकास निर्माण तथा सेवाको सरकारले भुक्तानीसमेत गर्न नसकिरहेको स्थिति छ। पछिल्ला केही वर्षमा पुँजीगत बजेटको प्रतिशत र खर्चको प्रगति निराशाजनक रहेको उल्लेख गर्नुभयो।

उहाँले नयाँ गठबन्धन बनेदेखि पुँजी बजार गतिशील छ, यो राम्रो संकेत हो। तर, यसको गतिशीलताबाट सरकारले भने जस्तो फाइदा लिन सकेको छैन। बरु सरकारको नीतिगत कमजोरीका कारणले आर्थिक असमानता बढाउने काम गरेको छ। छिमेकी

मुलुक भारतमा जहाँ पुँजी बजारको प्रणालीभन्दा हाम्रो बढी सबल छ। त्यहाँ पुँजीगत लाभकर एक वर्षभन्दा कमको २० प्रतिशत र एक वर्षभन्दा बढीको १२.५ प्रतिशत छ। जबकी नेपालमा त्यो क्रमशः ७.५ प्रतिशत र ५ प्रतिशत छ। यसको मतलब पुँजी बजारमा दिनमा केही व्यक्तिले लाखौं कमाएका पनि छन्। तर, तिनले जम्मा ७.५ प्रतिशतमा कर तिरे पुग्ने व्यवस्था भन्नुभयो।

त्यस्तै, अर्थतन्त्रमा ८१ प्रतिशत योगदान गर्ने निजी क्षेत्रलाई नकारात्मक दृष्टिकोणबाट हेर्ने बानीलाई त्यागेर यस क्षेत्रलाई विश्वासमा लिई अगाडि बढ्नुपर्छ। निजी क्षेत्रलाई हेर्न दृष्टिकोण नेपालका केही राजनीतिक दल, केही राजनीतिक नेतृत्व, केही सञ्चारमाध्यम, गैरसरकारी क्षेत्र तथा सरकारी संरचनासमेत सकारात्मक छैनन्।

# विद्युत् चुहावट आधा घट्यो

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपाल विद्युत् प्राधिकरणले आठ वर्षको अवधिमा विद्युत् चुहावटलाई आधा घटाएको छ। आर्थिक वर्ष (आव) २०७२/७३ मा प्रणालीबाट २५ दशमलव ७८ प्रतिशत भइरहेको विद्युत् चुहावटलाई यस अवधिमा आधा घटाएर गतआव २०८०/८१मा १२ दशमलव ७३ प्रतिशतमा सीमित गरिएको छ।

विद्युत् चुहावटमध्ये प्रसारण लाइनतर्फ तीन दशमलव ३३ प्रतिशत र वितरणतर्फ नौ दशमलव ४० प्रतिशत रहेको छ। आठ वर्षअघि २५ दशमलव ७८ प्रतिशत चुहावटमध्ये १९ दशमलव ८० प्रतिशत वितरण र बाँकी प्रसारणतर्फ थियो।

विद्युत् चुहावटलाई आव २०७३/७४मा २२ दशमलव ९० प्रतिशत, २०७४/७५मा २० दशमलव ४५प्रतिशत, २०७५/७६मा १५ दशमलव ३२ प्रतिशत, २०७६/७७मा १५ दशमलव २७ प्रतिशतमा झारिएको थियो। आव २०७७/७८मा भने चुहावट बढेर १७ दशमलव १८ प्रतिशत पुगेको थियो। त्यसपछि चुहावटलाई आव २०७८/७९मा १५ दशमलव ३८ र आव २०७९/८०मा १३ दशमलव ४६ प्रतिशतमा झारिएको थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई थप व्यवस्थित र प्रभावकारी बनाएर आठ वर्षको अवधिमा चुहावट नियन्त्रणमा ठूलो सफलता हासिल भएको बताउनुभयो। कार्यकारी निर्देशक घिसिङले लोडसेडिङ अन्त्य भई नियमित रूपमा विद्युत् आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चालिएका कदमले वितरणतर्फको विद्युत् चुहावट नियन्त्रणमा सकारात्मक प्रभाव परेको उल्लेख गर्नुभयो

‘प्रणालीमा विद्युत् चुहावट हुँदा प्रत्यक्ष रूपमा अरबौं रकम आम्दानी गुमिरहेको थियो, प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रण गर्न सञ्चालन गरिएका अभियानबाट वितरणतर्फको विद्युत् चुहावट उल्लेख्य रूपमा घटी यो अनुपात छिमेकी देशहरूभन्दा कम भएको छ,’ कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

‘चुहावट नियन्त्रणबाट मात्र यस अवधिमा प्रतिवर्ष करिब १२ अर्ब रुपियाँ थप आम्दानी भएको छ, गुमिरहेको रकम उठाउन सफलता मिल्दा यसको प्रत्यक्ष सकारात्मक प्रभाव प्राधिकरणको नाफामा देखिएको छ, नाफाबाट आर्जन भएको रकमलाई प्रणाली विस्तार र सुधारमा लगानी गरिरहेका छौं, अब चुहावटलाई एकल अङ्क (सिङ्गल डिजिट)मा झार्ने लक्ष्य राखी काम अगाडि बढाइरहेका छौं।’

आव २०७२/७३मा ८ अर्ब ८९ करोड रुपियाँ खुद नोक्सानीमा रहेको प्राधिकरणले आव ०७३/७४ मा १ अर्ब ५० करोड रुपियाँ खुद नाफा कमाएको थियो। त्यसपछि निरन्तर नाफामा रहेको प्राधिकरणको नाफा गतआवमा १३ अर्ब ३१ करोड रुपियाँ (अन्तिम लेखापरीक्षण हुन बाँकी) पुगेको छ। आठ वर्षअघि ३४ अर्ब ६१ करोड रुपियाँ सञ्चित घाटामा रहेको प्राधिकरण गतआवमा ४७ अर्ब ४१ करोड रुपियाँ सञ्चित नाफामा पुगेको छ।

ठूला क्षमताका प्रसारण लाइन तथा सबस्टेसन सञ्चालन, सबस्टेसन क्षमता वृद्धि तथा सुदृढीकरण, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्री फेज तथा स्मार्ट मिटरको प्रयोगलाई प्रोत्साहन गर्नेलगायत कदमले प्राविधिक चुहावट नियन्त्रण भएको हो।

घिसिङले वितरण तथा ग्राहक सेवाअन्तर्गतका व्यवस्थापक र दिनरात नभनी खटिएका कर्मचारी, गृहप्रशासनलगायत सबैको साथ र सहयोगमा चुहावट घटाउन सफल भएको बताउनुभयो।

प्राधिकरणले गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण,महसुल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारबाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने, मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रूपमा चलाइरहेको छ। प्राधिकरणले आफ्ना हरेक वितरण केन्द्रलाई प्रत्येक वर्ष चुहावट नियन्त्रणको लक्ष्य दिई सोहीअनुसार क्रियाकलाप सञ्चालन गरिरहेको छ।

# जन्तेढुंगे पर्यटन विकासको काम अलपत्र

**रामधन राई, खोटाङ**

खोटाङको जन्तेढुंगे गाउँपालिकास्थित धार्मिक तथा पर्यटकीयस्थल जन्तेढुंगाको पर्यटन विकासको काम अलपत्र परेको छ। उक्त गाउँपालिकाको वडा नमबर-५ चिसापानी र वडा नं ६ दिप्लुङको बीचमा पर्ने जन्तेढुंगापार्क निर्माण, पोखरी निर्माण, घेराबारा, पर्खाललगायत निर्माणको काम अलपत्र परेको हो।

संस्कृति तथा पर्यटन मन्त्रालयको ६० र गाउँपालिकाको ४० प्रतिशत गरी दुई करोड ३० लाख रुपियाँको लागतमा दुई वर्षभित्र सक्नेगरी एनआर के-स्वामी नारायण-मोहन एन्ड बेसी जेभीले २०७८ जेठ ३० गते सम्झौता गरेको थियो। तर, काम २० प्रतिशतमात्र सकिएको जन्तेढुंगा गाउँपालिकाका इन्जिनियर अरुण साहले बताउनुभयो। काम नगरे पनि एक वर्षका लागि म्याद थप गर्ने निर्णय गरिएको गाउँपालिका उपाध्यक्ष खेमबहादुर खड्काले जनाउनुभयो।

उक्त आयोजनाको आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारको २३ लाख ५९ हजार तीन सय ७५, आर्थिक वर्ष २०७८/८९ मा गाउँपालिकाको बजेटबाट २३ लाख रुपियाँ र आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारको ३७ लाख २३ हजार पाँच सय ४० रुपियाँ भुक्तानी भएको थियो। संस्कृति तथा पर्यटन मन्त्रालयले आर्थिक वर्ष २०७९/८० मा बजेट नपठाएकाले काम रोकिएको उपाध्यक्ष खड्काको भनाइ छ।

यस आर्थिक वर्षमा भने संघीय सरकारले ३७ लाख रुपियाँ बजेट पठाए पनि निर्माण कम्पनीले काम नगर्दा अलपत्र परेको हो। निर्माणमा सम्बद्ध जोसेफ रिजालले भने ठेक्का परे पनि बजेट उपलब्ध नभएकाले काम गर्न नसकिएको बताउनुभएको छ। यस आर्थिक वर्षमा गाउँपालिकाले बजेट विनियोजन गरेको छैन। कामै नगरेपछि बजेट नराखिएको उपाध्यक्ष खड्काको स्पष्टोक्ति छ। तर, बजेट माग गरेर काम गर्ने गाउँपालिका अध्यक्ष अरुणादेवी राईले जनाउनुभयो।

जिल्लाको प्रख्यात जन्तेढुंगा किम्वदन्तीअनुसार गोल्मराजा-गोल्मरानीको विवाहमा जन्ती अलप भएको र टाढाबाट हेर्दा जन्तीजस्तै लहरै देखिने ढुंगाहरको हार भएकाले जन्तेढुंगा भनिएको हो। जन्तेढुंगामा मङ्सिर पूर्णिमा उधौली र बैशाखे पूर्णिमा उभौली मेला लाग्ने गरेको छ।

# ८७ कृषकद्वारा अकबरे खुर्सानी खेती

**सरस्वती न्यौपाने, रसुवा**

जिल्लाको उतरगया गाउँपालिकाको वडा नम्बर १,२,३ डाडागाउँ,ठुलोगाउ सिरुचेतका करिब ८७ जना कृषकले ५५ रोपनी जग्गामा अकबरे खुर्सानी लगाएर आम्दानी हुन थालेपछि दङ पर्दै भन्छन्, मिहिनेत गरेको फल मिठो हुन्छ

उतरगया गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा सिडस रसुवाबाट सञ्चालित उतरगया कृषि तथा पशु उद्यमशीलता विकास परियोजना कार्यक्रमअन्तर्गत गाउँपालिको यी तीन वडाका ठाउँमा अकबरे खुर्सानी खेती शुरू गरेर उत्पादन भई बिक्री वितरण को शुरूवात भइसकेको परियोजना संयोजक गौरव सापकोटाले जानकारी दिनुभयो।

गतजेठ महिनामा लगाएको खुर्सानी हाल निस्किन थालिसकेको र बजारमा प्रतिकेजी २ सय ५० देखि ३ सयसम्ममा बिक्री हुने गरेको छ। १२ महिनानै फल्ने यो खुर्सानी एउटा बोटबाट एक वर्षमा ४ चोटि बेच्न मिल्ने फल दिन्छ अहिले पहिलो लट शुरूवाती चरण भएकाले करिब २ सय केजी बिक्री भएको छ। अब तीजअगाडि ५ सय केजी फल्छ र दशैंअगाडि १५ सय परियोजना संयोजक सापकोटा बताउनुहुन्छ। यो खुर्सानी काठमाडौंको दरबारमार्गमा लाग्ने रैथाने बालीबजारमा समेत बिक्री वितरण गरिएको थियो। यसको सहजीकरण गापा अध्यक्ष माधवप्रसाद अर्याल आफैं लागि पर्न‘भएको थियो जसमा कृषिमन्त्री रामनाथ अधिकारीले समेत अवलोकन गर्नुभएको थियो। यो खुर्सानी लगाएको ४ वर्षसम्म फल दिने भएकाले एकदमै आयमूलक रहेको उपाध्यक्ष चमेली गुरुङ बताउनुहुन्छ।

खुर्सानीखेतीमा लागिपर्न‘भएका कृषक मीनकुमारी पौडेल भन्नुहुन्छ, ‘हामीलाई गाउँपालिकालगायत संस्थाले आयमूलक खुर्सानी खेती लगाउन प्रेरित गरी आर्थिक स्थिति सुधारमा मद्दत गरेको छ कसैसँग हात फैलाउन पर्दैन।’ अर्का कृषकद्वय लालमाया तामाङ, मनिका राई सुवेदी पनि एकै स्वरमा भन्नुहुन्छ ‘यस्तो आम्दानीमूलक अकबरे खुर्सानी खेती गर्न प्रोत्साहन गरेर आम्दानीको स्रोत बनाइदिनुभएकोमा धन्यवाद व्यक्त गर्दै अरूले पनि यो खेती गर्न आग्रह गरेका छन्। हामी घरभित्रको कामसँगै पैसा आउने काम पनि गर्न पाउँदा धेरै खुसी र आभारी छौं।’

# कोका-कोलाको मेगा डिस्काउन्ट अफर




**काठमाडौं, (नेस)**

कोका-कोलाले गर्मीको अवसर पारेर उपभोक्ताहरूका लागि फेरि अर्को विशेष अफर लिएर आएको छ । यो सीमित अवधिको ‘मेगा डिस्काउन्ट अफर’अन्तर्गत २ लिटरको कोका-कोला, स्प्राइट र षयान्टाको खरिदमा उपभोक्ताले १९९ रुपियाँको छुट पाउनेछन्।

त्यस्तै २.२५ लिटरको प्याक भने मात्र २५० रुपियाँमा खरिद गर्न सकिनेछ। जसको खास मूल्य २७० रुपियाँ छ। २ र २.२५ लिटरको कोका-कोला, स्प्राइट र षयान्टा प्याक परिवार, साथीभाइ र अन्य जमघटमा उपभोग गर्न उपयुक्त हुन्छ। उपभोक्ताहरूले नजिकैको खुद्रा बिक्रेता र सुपरमार्केटमा कोक, स्प्राइट र षयान्टा खरिद गरी यस मेगा डिस्काउन्टको भरपुर फाइदा उठाउन सक्नेछन्।

# विद्युत् महसुल पुनरावलोकन हुने

**अमृत अर्याल, स्याङ्जा**

बुटवल पावर कम्पनी (आधिँखोला जलविद्युत् वितरण केन्द्र) को सिफारिसमा विद्युत् नियमन आयोगले वृद्धि गरेको विद्युत् महसुल पुनरावलोकन हुने भएको छ। आयोगले विद्युत् महसुल पुनरावलोकन गर्ने निर्णय गरेको हो। आयोगले बीपीसीलाई विद्युत् महसुल वृद्धि गर्न दिएको अनुमति तत्काललाई कार्यान्वयन नगर्न रोक लगाएको छ।

विद्युत् नियमन आयोग ऐन २०७४ को दफा २२ बमोजिम उपभोक्ताले दिएको पुनरावलोकन निवेदनका आधारमा हाललाई वृद्धि गर्न दिएको अनुमति कार्यान्वयन गर्न रोक लगाएको हो। आयोगले बुटवल पावर कम्पनीबाट संचालित आधिखोला विद्युत् वितरण केन्द्र गल्याङ स्याङ्जालाई ४५ प्रतिशत देखि ७५ प्रतिशतसम्म विद्युत् महसुल वृद्धि गर्ने अनुमति दिएका थियो। आयोगले महसुल वृद्धि गर्ने सिफारिस गरेपछि बीपीसीका उपभोक्ताले हाललाई यो महसुल वृद्धि गर्न नहुने भन्दै आन्दोलन गर्दै आएका थिए।

आयोगले बीपीसीका उपभोक्ताको गुनासोलाई सम्बोधन गरिदिएको छ। यस कार्यले आयोग उपभोक्ताको पक्षमा न्याय गर्ने रहेछ भन्ने सन्देश दिएको छ। आयोगले एक पत्र जारी गर्दै २०८१ जेठ १ गते गोरखापत्रमा प्रकाशित गरेको विद्युत् महसुल कार्यान्वयन नगर्न‘ र प्रचलित विद्युत महसुल नै कायम गर्न‘ भन्दै कम्पनीलाई आदेश दिएको छ। आयोगको २४३ औं बैठकले उपभोक्ताले दिएको पुनरावलोकन निवेदनअनुसार पुरानै महसुल कायम गरी कार्य अगाडि बढाउन बीपीसीलाई निर्देशन दिएको हो। पुनरावलोकनपश्चात् कायम हुने दरबारे सोको निर्णय भएपछि जानकारी गराउनेसमेत जारी पत्रमा उल्लेख गरिएको छ।

आयोगले २०८१ वैशाख २१ गते आँधीखोला विद्युत् वितरण केन्द्रको महसुल वृद्धिको नयाँ शुल्क तोकेको थियो। वृद्धि गरेको महसुल बारेमा गोरखापत्र दैनिकमा जेठ १ गते सार्वजनिक गरेको थियो। आँधीखोला वितरण केन्द्र बीपीसीका उपभोक्ताहरूले जेठ ४ गतेदेखि चरणबद्ध आन्दोलन गर्दै आएका थिए। बीपीसीका ग्राहक गुणस्तरीय सेवा, नेपाल सरकारसँग भएको सम्झौता, मुआब्जालगायत अन्य माग राख्दै आन्दोलन गर्दै आएका थिए। स्याङ्जाको भीरकोट, वालिङ, गल्याङ, चापाकोट नगरपालिका र पाल्पाको रामपुर नगरपालिका तथा रम्भा गाउँपालिकाका जनप्रतिनिधि, राजनीतिक दल, उद्योगी व्यवसायी, उपभोक्तालगायतको सहभागितामा महसुल फिर्ताको माग गर्दै आन्दोलन गरेका थिए। आयोगले पुनरावलोकनपश्चात् कायम हुने महसुल दरबारे सोको निर्णयभएपछि जानकारी गराइने बताएको छ।

# टेबल टेनिसमा जमेकी सुरम्य



**सुरम्य शाक्य (१३ वर्ष)**
कक्षा ७, सेन्ट मेरिज हाइयर सेकेन्डरी स्कुल, ललितपुर
खेल्ने टिम : स्टाग च्याम्पियन्स टेबल टेनिस एकेडेमी

■ **फिरोज राजोपाध्याय**

कोरोनाले संसारलाई त्रास दिइरहेको बेला करिब ९ वर्षकी बालिकाले महामारीको पर्वाह नगरी खेर गइरहेको समय सदुपयोग गरेकी थिइन्। नेपालमा दोस्रो पटक लकडाउन हुँदा घरमा तेसै बसिरहनुपर्दा त्यहीबेला सुरम्य शाक्यले टेबल टेनिसको प्राक्टिस गर्न थालिन्। बुबा सुमन शाक्य र मुमा रचना महर्जनले छोरी सुरम्यलाई टेबल टेनिसमै चासो भएपछि पुरै प्रोत्साहन गर्न थाले। फलस्वरुप सुरम्य यू १२ एजमा नेपालकी नम्बर वान खेलाडी बनिन्।

हाल सुरम्यले नेपालकी नम्बर वान महिला टेबल टेनिस खेलाडी नविता श्रेष्ठको स्टाग च्याम्पियन्स टेबल टेनिस एकेडेमीमा प्रशिक्षण लिइरहेकी छन्। सेन्टमेरिज स्कूलमा क्लास ७ मा पढिरहेकी सुरम्यले थोरै समयमा देशभित्र थुप्रै मेडल जितिसकेकी छन्। साथै यही वर्ष उनले श्रीलंकामा पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्दै मेदल समेत जित्न सफल भइन्।

श्रीलंकामा भएको यू १५ साउथ एसियन युथ टेबल टेनिस इन्टरनेसनल च्याम्पियनसिपमा ब्रन्ज मेडल जितेकी उनले भविष्यमा पनि नेपालको लागि थुप्रै अन्तर्राष्ट्रिय मेडल जित्ने संभावनालाई पर्दापण गरेकी छन्। प्रस्तुत छ कलिलो उमेरमै देशको आशा बन्न सफल उनीसँग गरिएको कुराकानीको सार संक्षेप। ■

## सुरम्यले जितेका नेसनलमा मेडलहरू

**२०२१**
माई जेन्डर माई स्ट्रेन्थ वोमेन्स जुनियर टेबलटेनिस ट्रेनिङ
**सिल्भर** (सिंगल्स)

**२०२२**
मिलन मेमोरियल नेसनल जुनियर टेबलटेनिस
**ब्रन्ज** (यू १२)

१६औं हरेराम जोशी मेमोरियल
**गोल्ड** (यू १२)

९औं राष्ट्रिय खेलकुद, पोखरा
**ब्रन्ज** (टिम)

| २०२३ | |
|---|---|
| ललितपुर स्पोर्ट्स फेस्टिभल २०७९ | **ब्रन्ज** (सिंगल्स) |
| ५औं सम्भना कप इन्टरनेसनल | **ब्रन्ज** (टिम) |
| १२औं पूर्णमान बज्राचार्य मेमोरियल नेसनल ओपन | **गोल्ड** (यू १२)/ब्रन्ज (टिम) |
| सोफेज नेसनल इन्टरस्कूल | **सिल्भर** (सिंगल्स) |
| युनिटीकप ओपन | **ब्रन्ज** (सिंगल्स) |
| स्टाग ग्लोबल च्याम्पियन्स लिग सिजन वन | **ब्रन्ज** (मिक्स टिम) |
| मेयरकप ललितपुर इन्टरवार्ड | **सिल्भर** (सिंगल्स/यू १६) |

**२०२४**
**इन्टरनेसनल**
साउथ एसियन युथ टेबलटेनिस च्याम्पियनसिप
**ब्रन्ज** (यू १५ गर्ल्स डबल/ टिम)

## अन्तर्वार्ता

**टेबल टेनिसमा कसरी लाग्नुभयो ?**
कोरोनाले लकडाउन भएको बेलामा केही काम थिएन। अल्छी हुन थाल्यो। बाबाले पनि टेबल टेनिस खेलौं न भन्नुभयो। लौ भनेर घरमै बोर्ड राखेर टेबल टेनिस खेल्न थाले।

**टेबल टेनिसमै किन ?**
मेरो बाबा पनि टेबल टेनिस खेल्नुहुन्छ। लकडाउनको समयमा बाहिर जान सकिने अवस्था थिएन। घरमै प्राक्टिस गर्ने भनेको यो खेल जस्तो देखियो। र बुबा पनि यसै खेलमा हुनुभएको हुँदा टेबल टेनिस खेल्न मलाई गाह्रो भएन। यसैमा खेल्दै गएँ।

**इन्टरनेसनलमा फर्स्ट टाइम मै मेडल आउँदा कस्तो लाग्यो ?**
यो मेरो पहिलो पटक देशका लागि खेलेको च्याम्पियनसिप थियो। श्रीलंकामा गएर खेल्दा मेडल पनि जित्दा खुशी नै लाग्यो। देशका लागि खेल्न पाउँदा मलाई राम्रो फिल भयो।

**यो गेममै लागिरहने हो ?**
–अँ, यसैमा लागिरहने हो।

**स्कूल र गेममा टाइम कसरी मिलाउनुहुन्छ ?**
अहिले त्यति टाइम म्यानेज गरिरहेकी छैन। अब, पढाई र गेममा टाइम ब्यालेन्स गर्दै जानेछु।

**टेबल टेनिसका आइडल प्लेयर को को छन् ?**
नेपालकै भन्नुपर्दा नवीता मेम र स्यान्टू श्रेष्ठ दाई आइडल प्लेयर हुनुहुन्छ। विदेशको भन्नुपर्दा चाइनाका मा लंग र सन यीन्गशा मनपर्छ।

**टेबल टेनिसबाहेक अरु गेम कुन मनपर्छ ?**
अरु गेम भन्नाले बास्केटबल नै हो। स्कूलमा बास्केटबल अलिअलि खेल्छु त्यति हो। तर, मेरो प्यासन भनेको टेबल टेनिस नै हो।

**फुटबल नि ?**
फुटबल पनि हेर्छु ।

**को मनपर्छ त मेसी कि रोनाल्डो ?**
रोनाल्डो नै मनपर्छ। किनभने रोनाल्डोले पोजिटिभ भाइभ दिन्छ। राम्रो पनि खेल्छ। त्यसैले मेसीभन्दा रोनाल्डो नै मनपर्छ।

**टेबल टेनिस अरु गेमभन्दा खेल्न गाह्रो सजिलो कस्तो छ ?**
यो गेम चाहि धेरै गाह्रो छ। रुलहरू पनि गाह्रो हुन्छ यसमा। जे होस अरु भन्दा गाह्रै छ यो।

**फ्युचरमा के गर्ने इच्छा छ ?**
घरका सबैबाट सपोर्ट छ, त्यसैले गेममा अझ माथि जाने इच्छा छ। यसमा आफुले एफोर्ट गर्ने, हार्ड वर्किङ पनि गर्छु। मेरो लक्ष्य पहिले नेपालको नम्बर एक बन्ने अनि मेरो टार्गेट ओलम्पिकमा पनि जाने हो। ■

# प्रभावकारी मार्केटिङ कसरी गर्न सकिन्छ ?



■ **भवनाथ प्याकुरेल**

मार्केटिङ अरूको मन जितेर आफ्नो वस्तु बिक्री गर्ने कला हो । बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन भन्ने पुरानो उखान हो। ग्राहकलाई आफ्नो बोलीको प्रभावले वस्तुको गुण र महत्व दर्साउनसक्ने विक्रेता नै आफ्नो धेरैभन्दा धेरै सामान बिक्री गर्न सफल रहन्छन्। खुद्रा विक्रेताले आफ्नो सामानलाई पसलमा आकर्षक तवरले सजाएर राखेका हुन्छन् भने ठूला व्यवसायीले विद्युतीय, छापा तथा अन्य आमसञ्चारका माध्यममार्फत चित्ताकर्षक ढंगले उत्पादनको विज्ञापन गर्छन् ।



मार्केटिङ धेरै किसिमबाट गर्न सकिन्छ। तीमध्ये केही निम्नानुसार छन् :

**इमेल मार्केटिङ**

धेरै ठूला-ठूला व्यवसायीहरूले इमेल मार्केटिङलाई ग्राहकसँग जोड्ने सबैभन्दा प्रत्यक्ष र प्रभावकारी तरिकाको रूपमा प्रयोग गर्छन्। उनीहरूले सम्भावित र लक्षित ग्राहकलाई इमेलबाट बिक्री, छुट, कुपन कोड, उत्पादन बिक्री र यस्तैबारे जानकारी दिने गर्छन्।

**सामग्री मार्केटिङ**

सामग्री मार्केटिङ भनेको तपाईंले प्रचार गरिरहनुभएको उत्पादन र सेवाहरूको बारेमा मानिसहरूलाई जानकारी दिनु हो। सामग्री मार्केटिङले व्यवसायहरूलाई बढ्दो ट्राफिक, ब्रान्ड जागरूकता, नेतृत्व उत्पादन, अनलाइन फलोइङलगायत धेरै लक्ष्य प्राप्त गर्न मद्दत गर्नसक्छ ।

**न्युरो मार्केटिङ**

खरिद प्रक्रियामा मस्तिष्कको भूमिकाको अध्ययन, अनुसन्धान गर्नु र हाम्रो मस्तिष्कले रुचाउने प्रकारका व्यावसायिक उत्पादन तथा विज्ञापन सामग्रीको पहिचान गर्नु नै न्युरो मार्केटिङ हो। संसारमा हाल एक सयभन्दा बढी न्युरो मार्केटिङ कम्पनी रहेको आँकलन छ । यस्ता कम्पनीले बजारमा कुनै पनि वस्तु अथवा विज्ञापनलाई उपभोक्तामाझ ल्याउनुअगावै त्यस्ता सामग्रीले उपभोक्ताको मस्तिष्कमा पार्ने प्रभाव अध्ययन गर्नलाई इइजी, एमइजी, एफएमआरआईजस्ता ब्रेन स्क्यान प्रविधिको प्रयोग गर्छन् । मौखिक सर्वेक्षण गर्दा व्यक्तिले सत्य नै जवाफ दिन्छ भन्ने नभएकाले पनि मौखिक सर्वेक्षणको नतिजालाई आधार मानेर गरिने मार्केटिङ र प्रोडक्ट डिजाइनका योजना धेरै मात्रामा असफल हुने गर्छन् । तर, ब्रेन स्क्यानका प्रविधिमार्फत वस्तु वा तीसम्बन्धी विज्ञापनले मस्तिष्कमा पैदा गर्ने प्रतिक्रियालाई सोझै अध्ययन गर्न सकिने भएकाले न्युरो मार्केटिङ विधालाई प्रोडक्ट डिजाइनको विश्वसनीय तथा दरिलो आधार मान्न थालिएको छ। नोवेल पुरस्कार विजेता अर्थशास्त्री ड्यानियल कानमानका अनुसार मानिसको निर्णय गर्ने प्रक्रियालाई छिटो र ढिलो दुई प्रकारमा विभाजन गर्न सकिन्छ। कुनै पनि वस्तुको गन्ध, रङ वा त्यस वरिपरिको संगीतले त्यस वस्तुप्रतिको पहिलो प्रभाव निर्धारण गर्छ। जसले हाम्रो छिटो निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्छ । तर, गहन विषयवस्तुमा ढिलो निर्णय प्रक्रिया हाबी हुने गर्छ र यस्तो अवस्थामा सुझबुझका साथ सचेत तवरले निर्णय लिने गर्छौं।

**सोसल मिडिया मार्केटिङ**

प्रत्येक व्यवसायको एक सोसल मिडिया खाता हुन्छ। जुन सधैं यसको उत्पादन वा सेवाको मार्केटिङका लागि प्रयोग गरिन्छ। फेसबुक, ट्विटर, युट्युब, र इन्स्टाग्राम सम्भावित ग्राहकसम्म पुग्न उत्तम प्लेटफर्म हुनसक्छ। यसबाट पनि प्रभावकारी मार्केटिङ गर्न सकिन्छ।

**वर्ड अफ माउथ मार्केटिङ**

वर्ड अफ माउथ मार्केटिङ भनेको अनलाइन र अफलाइन सञ्चारको माध्यमको प्रयोग गरेर वा एक व्यक्तिले प्रत्यक्षरूपमा अर्को व्यक्तिलाई कुनै पनि उत्पादन वा सेवाबारे जानकारी दिनु हो। यसमा व्यवसायी र ग्राहकबीचको अन्तरक्रियाका साथै ग्राहकले अनलाइनमार्फत आफूलाई मनपरेको उत्पादन वा सेवाको बारेमा आफ्नो अनुभव सेयर गर्नेलगायत क्रियाकलाप पर्दछन्। ग्राहक वा उपभोक्ताले आफ्नो अनुभव सोसल मिडिया वा ब्लगमा पोस्ट गरेर पनि बजार प्रवर्द्धनलाई सहयोग पुऱ्याउन सक्छ।

**सर्च इन्जिन अप्टमाइजेसन (एसइओ)**

यो कम्प्युटरबाट गरिने डिजिटल मार्केटङ विधि हो। जुन इन्टरनेटमा तपाईंले खोजेको सामानको नाम वा त्यससँग सम्बन्धित कुनै शब्द टाइप गरेपछि देखिन्छ। यसलाई सर्च इन्जिन अप्टमाइजेसन भनिन्छ। अहिले यो पनि प्रभावकारी मार्केटिङ विधि भएको छ ।

**प्रत्यक्ष मार्केटिङ**

व्यापारीले सिधै आफ्नो ग्राहक भएको ठाउँमा गई उसलाई फाइदा हुने विषय बताएर प्रत्यक्ष मार्केटिङ गर्ने प्रचलन पुरानै हो। आफ्नो सामान लिने ग्राहकलाई सिधै सम्पर्क गर्दा ग्राहकको मनोभावना बुझेर सोहीअनुरुप व्यवहार गर्न सहज हुनुका साथै मार्केटिङको अन्य खर्चमा कटौती भई मुनाफा बढी प्राप्त हुन्छ। ■

## आजको राशिफल


• ज्यो. काश्यप

| राशि | फल |
|---|---|
| मेष | शुभ समय भएकाले धन प्राप्ति, साथीभाइबाट सहयोग, पढाइ-लेखाइमा सफलता होला। |
| वृष | समय उत्तम छ। आर्थिक लाभ, प्रतिस्पर्धीमाथि विजय, गरेका कार्यमा सफलता होला। |
| मिथुन | दिन शुभ छ। कर्तव्य गर्नुस्। धन प्राप्ति, काममा सफलता, सुख-सन्तोष हुने देखिन्छ। |
| कर्कट | समय अनुकूल नभएकाले स्वास्थ्य गडबड, विनाउपलब्धिको दौडधुप, विवाद हुन सक्छ। |
| सिंह | दिन धेरै उत्तम छ। आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सानै प्रयासमा प्रगति हुने देखिन्छ। |
| कन्या | समय अनुकूल भएकाले धनलाभ, राम्रो कामको थालनी, विजय हुने सम्भावना छ। |
| तुला | समय बलवान् छ। मीठो भोजन, आर्थिक लाभ, पुरस्कार प्राप्तिको सम्भावना देखिन्छ। |
| वृश्चिक | समय शुभ नभएकाले स्वास्थ्य समस्या, विवाद, चोटपटकको सम्भावना देखिन्छ। |
| धनु | दिन शुभ छ। विविध लाभ, मीठो भोजभतेर एवं पैसा प्राप्तिको सम्भावना अधिक छ। |
| मकर | शुभ समयले काममा सन्तुष्टि, आँटेका काममा सफलता, शारीरिक तन्दुरुस्ती हुने देखिन्छ। |
| कुम्भ | समय उत्तम फलदायक छ। सरकारी निकायबाट लाभ, व्यापारिक सफलता, मान बढ्ला। |
| मीन | दिन अनुकूल नभएकाले रोगव्याधिको भय, धनहानि, सानो कुरामा पनि विवाद आउन सक्छ। |

**Book Insights:**

## Dream Big
## The Inspiring Tale of The Alchemist

■ Panlo Coelho




*The Alchemist by Paulo Coelho*, first published in 1988, has enchanted millions of readers around the globe. The Brazilian author weaves a narrative that goes beyond mere adventure, delving into themes of self-discovery and personal fulfillment. Coelho's journey from a struggling writer to a globally renowned author underscores the novel's message of following one's dreams and embracing personal destiny.

The novel follows Santiago, a young shepherd from Spain, who dreams of finding treasure near the Egyptian pyramids. Driven by this vision, he sells his sheep and sets off on an adventurous quest. Along the way, he encounters a mystical king, a struggling crystal merchant, an enigmatic Englishman, and a wise alchemist, each offering valuable life lessons. Santiago's journey becomes a profound exploration of his "Personal Legend," blending physical adventure with spiritual insight.

The core theme of The Alchemist is the pursuit of dreams, suggesting that everyone has a unique destiny that can be achieved through perseverance and faith. The novel argues that the universe helps those committed to their dreams, despite the challenges they face. Santiago's journey illustrates personal growth and understanding, emphasizing the interconnectedness of all life through the concept of the "Soul of the World."

**Conclusion**

The Alchemist by Paulo Coelho remains a powerful and inspiring exploration of dreams, destiny, and personal transformation. Through Santiago's adventures, Coelho invites readers to contemplate their own lives, embrace their true purpose, and remain steadfast in their pursuit of fulfillment. Whether viewed as a philosophical treatise or a simple tale, the novel encourages readers to listen to their hearts and courageously follow their dreams amidst life's challenges. ■

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोन: ५३६११७९ । फ्याक्स: ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ । सम्पादक: सागर पण्डित